वर्ष : १३, अंक : १९, काठमाडौं, २०७४ भाद्र २ गते शुक्रबार 18 August 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## ७१औं स्वतन्त्रता दिवस मनाइयो



छिमेकी मित्रराष्ट्र भारतको ७१औं स्वतन्त्रता दिवसको अवसरमा काठमाडौंस्थित मंगलबार भारतीय राजदूतावासमा आयोजित समारोहमा भारतको राष्ट्रिय झण्डा फहराउँदै राजदूत मन्जिभसिंह पुरी। विस्तृत समाचार अन्तिम पृष्ठमा।

# पटक-पटकको बाढीले मधेश मरूभूमी बन्दैछ

मधेशवाणी डेस्क

काठमाडौं। गत केही दिनदेखिको अविरल वर्षाका कारण मुलुकका विभिन्न क्षेत्रमा पहिरो र बाढीले जनधनको ठूलो क्षति गरेको छ । मधेशका बस्ती डुबानमा परेका छन् । मानवीय क्षति ब्यहोर्नुपरेको छ। कैयौं व्यक्ति बेपत्ता भएका छन् भने हजारौं विस्थापित भएका छन् । सडक, यातायात मात्र होइन हवाई यातायातसमेतमा अवरोध आएको छ ।

यस्ता विपत्तिका बेला प्रधानमन्त्री र मन्त्रीहरूले केन्द्रमा बसेर निर्देशन दिने मात्र गर्नुले पीडितको समस्या निदान हुँदैन । प्रधानमन्त्री, गृहमन्त्री स्वयं प्रभावित क्षेत्रमा पुगेर पीडितलाई राहत र सान्त्वना दिँदा पीडितको मनोबल बढ्छ। साथै सम्बन्धित निकायको सक्रियता बढेर राहत कार्य प्रभावकारी बन्न सक्छ। उद्धार र राहत कार्यलाई कर्मकाण्डी बनाइनु हुँदैन ।

हालको प्राकृतिक प्रकोपबाट क्षेत्र २ नं. प्रदेश सर्वाधिक सङ्कटग्रस्त बनेको छ। आगामी असोज २ मा निर्वाचन हुने यो क्षेत्रमा आफ्नो प्रभाव भएको दाबी गर्ने राजनीतिक दल राहत उद्धार कार्यमा सक्रिय हुनु आवश्यक छ ।

**डुबानको समस्या**

तराईको डुबान समस्या सदाको समस्या बनेको छ। यो प्राकृतिक भन्दा पनि मानव सिर्जित छ। तराईमा भारतसँगको सीमावर्ती क्षेत्रमा कोशी, गण्डकी, लक्ष्मणपुरजस्ता ठूलाठूला बाँध, अग्ला सडक र तटबन्ध बनाइएको हुँदा पनि नेपालतर्फका गाउँ बस्ती डुबानमा पर्ने गरेका छन् । पानीको बहाव प्राकृतिक हुन्छ तर त्यो थुनिदिएपछि अप्राकृतिक असर देखाउँछ।

बाढीले नेपालको मधेश क्षेत्रमा गम्भीर असर परे पनि यो मधेश वा नेपालको मात्र नभएर भारतको पनि समस्या हो । बाढी बगेर जाने भारततर्फ नै हो । त्यसैले प्राकृतिक रूपमै जलनिकास व्यवस्थित गरी दुवैतर्फको क्षति रोक्ने सम्भावित उपायहरूको खोजी नेपाल-भारत दुवैतर्फबाट हुनु आवश्यक छ । यस निम्ति नेपालतर्फबाट विशेष पहल हुनु आवश्यक छ । प्रधानमन्त्री शेरबहादुर देउवाको आसन्न भारत भ्रमणका अवसरमा भारतनिर्मित संरचनाका कारण सिर्जित डुबान समस्या समाधानका लागि तत्काल पानीको प्राकृतिक निकासका उपाय अवलम्बन गर्ने बन्दोबस्त मिताउने गरी छलफलको विषय बनाउनु आवश्यक छ ।

बाढी पहिरोजस्ता समस्या प्राकृतिक घटना हुन् तर यिनबाट हुने क्षति न्यूनीकरणका उपायहरू अवलम्बन गर्न सकिन्छ। डुबान क्षेत्रका बस्तीलाई स्थानान्तरण गर्न, पहिरो मुनिका गाउँलाई अन्यत्र सार्न प्रभावकारी रूपमा लागिनुपर्छ ।

**मरुभूमीकरणको असर**

- नेपालको आधा अर्थात् १ करोड १७ लाख भन्दा बढी नेपालीको बसोबास र जीविकाको साधन खतरामा पर्नु,
- नेपालको ५५ प्रतिशत खेतीयोग्य जमिन खतरामा पर्नु,
- नेपालको ६० प्रतिशत अन्न फल्ने ठाउँ मासिदै जानु
- नेपालको कुल कृषि उत्पादनको झण्डै ५० प्रतिशत योगदान दिने ठाउँ खतरामा पर्नु।

**प्राकृतिक सम्पदाको दोहन**

चुरे र महाभारतबाट निस्केका नदी र खोलाहरूको स्वभावमा पनि परिवर्तन भएको छ । खोला र नदीको रुप यस्तो हुनु भनेको उनीहरू बढी विनाशकारी हुनु हो। नदी कटानसँगसँगै मधेशमा जनसंख्या बढ्दै जाँदा त्यहाँ खेती गर्ने जमिनको अभाव हुने डर पनि बढ्दो छ। यस्तो अवस्थामा मधेशका र पहाडबाट झर्ने मानिसहरूले चुरे क्षेत्रमै बसोबास गरेर त्यहाँको विनाशलाई अझ तीव्र पार्नेछन् ।

यी असंख्य नदीनालाहरूले मधेशमा गर्ने विनाशको मुख्य कारण मधेशको शिरका रूपमा रहेको चुरेको दुर्गति हो। झापा र इलाम जिल्लामा पर्ने चुरेको बारेमा अध्ययन गरेका विश्व संरक्षण संघका कृष्णप्रसाद ओलीका अनुसार अहिलेकै दरमा विनाश हुने हो भने आगामी २० देखि ३० वर्षमा इलाममा पर्ने चुरे मरुभूमि बन्छ जसले गर्दा झापा र मोरङ जिल्लामा बर्खामा बाढी आउँछ र लामो समयपछि गएर ती जिल्ला पनि बगर बन्नेछन्।

पश्चिमी भागमा चुरे पहाड पूर्वी भागमा जति विनाश भएको छैन । सडकहरू बन्दै जाँदा र पहाडबाट मानिसहरू तराई बसाइँ सर्ने क्रम बढ्दै जाँदा पूर्वको समस्या त्यहाँ पनि पक्कै सर्नेछ । यसो भएमा सम्पूर्ण मधेश क्षेत्र विनाशको चपेटामा पर्छ ।

मधेशको जनसंख्या नेपालका अन्य भेगको भन्दा चाँडो बढिरहेको छ। २०२८ सालमा बहुसंख्यक (६० प्रतिशत) नेपाली हिमाल र पहाडमा बस्थे भने मधेशमा बस्नेहरू ३८ प्रतिशत मात्र थिए। २०३८ सालमा हिमाल र पहाडमा बस्नेहरूको संख्या घटेर ५६ प्रतिशत भयो भने तराईमा बस्नेहरू बढेर ४४ प्रतिशत पुगे र अहिले देशको कुल जनसंख्याको ४७ प्रतिशत मानिस मधेशका बस्दैछन् ।

नेपालका २७ वटा पहाडी र १४ वटा हिमाली जिल्लाहरूमा आफूलाई पुग्ने खाद्यान्न उत्पादन भइरहेको छैन । त्यहाँ तुरुन्तै पुग्नेजति खाद्यान्न उत्पादन हुनसक्ने अवस्था छैन । त्यसैले, ती जिल्लाहरूले खाने अन्नका लागि मधेशकै मुख ताक्नुपर्छ । त्यसैगरी, काठमाडौं, पोखरा जस्ता अति छिटो गतिमा जनसंख्या वृद्धि भइरहेका शहरी क्षेत्रले पनि अन्न र तरकारीका लागि मुख्य रूपमा मधेशमै भर पर्नुपर्छ। बाटो र सिंचाई जस्ता आधार शिला बनाउन सजिलो हुने, बजार नजिक भएको र त्यहाँका मानिसले नयाँ प्रविधि सजिलै अवलम्बन गर्ने अवस्था भएकोले योजनाविद्हरू मधेशलाई अझै पनि नेपालको अन्नभण्डार मान्छन् ।

तर मधेश नेपालको अन्न भण्डार भए पनि यहाँ अन्न फल्ने खेत बाढीले बगाए पछि नेपालको समग्र अर्थतन्त्र प्रभावित बन्न पुगेको छ ।

**८० प्रतिशत खेती डुबानमा**

काठमाडौं। बाढीले मधेशका २० जिल्लाका ८० प्रतिशत खेती डुबानमा परेको छ। बाढीका कारण मधेशमा धान, तरकारी, फलफूलखेतीमा ठूलो क्षति भएको छ भने माछापोखरीमा पनि ठूलो क्षति भएको कृषि मन्त्रालयले जनाएको छ। कृषिमन्त्री रामकृष्ण यादवका अनुसार अन्नको भण्डार मानिने मधेशमा पछिल्लो समयमा भएको धानको र पाँपाईँ पनि डुबानमा परेको छ।

अधिकारीहरूका अनुसार बाढीको डुबानमा धानबाली डुब्ने हो भने यो वर्ष खाद्य सुरक्षामा गम्भीर असर पुग्न सक्ने छ।

**चुरेको संरक्षण**

अहिले चुरेमा जेजति नहुनुपर्ने काम भएका छन् तिनका लागि मुख्य रूपमा सरकार नै जिम्मेवार भएको सन्दर्भमा चुरे क्षेत्रको वन सरकारबाट व्यवस्थापन हुन्छ भनेर विश्वास गर्ने ठाउँ छैन । सप्तरीको माहुलीको उदाहरण हेर्ने हो भने त सकिन्छ जहाँ स्थानीय बासिन्दाहरूले चुरे क्षेत्रलाई हरियालीले भरिभराउ पारेर त्यही हरियालीका आडमा पशुपालन र दूधको उत्पादन बढाएर आफ्नो जीवनस्तर उकासेका छन् । कोशी पूर्वको चुरे क्षेत्रमा रिसोर्सेज हिमालयले गरेको एक अध्ययनले सरकारी वन र सामुदायिक वनमा रूख कटानीको दर उस्तै उस्तै नै देखाएको छ।

नेपालको अन्नको भण्डार र बहुसंख्यक मानिसको बसोबासको क्षेत्र मधेशको संरक्षणका लागि चुरलाई बचाउनुपर्छ भन्ने सोचाइ अहिलेसम्म पनि नौलो छ। यस्तो अवस्थामा चुरेको विनाश भइरहेको छ । देशका अन्य भागमा जस्तै यहाँ पनि यो क्रमलाई रोक्न न त सरकार सक्षम छ न राजनीतिक पार्टीहरूको स्वार्थले यस्तो काम गर्न दिन्छ। यसको मतलब चुरेको बर्बादी अझ तीब्र रूपले बढ्नेछ, फलस्वरुप तराई र यहाँको मानिसको भविष्य अन्धकारतर्फ धकेलिइरहेको छ।

**बाढीमा मृत्यु तथा बेपत्ता भएकाहरु**

| क्र.सं. | जिल्ला | संख्या |
|---|---|---|
| १ | सुनसरी | ११ जना |
| २ | झापा | १७ जना |
| ३ | मोरङ | १९ जना |
| ४ | बाँके | ३ जना |
| ५ | सर्लाही | ७ जना |
| ६ | बारा | ३ जना |
| ७ | दाङ | २ जना |
| ८ | बर्दिया | ५ जना |
| ९ | मकवानपुर | १ जना |
| १० | रौतहट | २० जना |
| ११ | महोत्तरी | ५ जना |
| १२ | चितवन | ३ जना |
| १३ | सप्तरी | ६ जना |
| १४ | पर्सा | ६ जना |
| १५ | रुपन्देही | १ जना |

## राजपा निर्वाचनमा जाने निश्चित



*राजपा नेपालका अध्यक्षमण्डलीय नेताहरु।*

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालले सरकारले संविधान संशोधन विधेयक अगाडि बढाउन लागेकाले निर्वाचनमा जाने वातावरण समेत बनेको निष्कर्ष निकालेको छ । राजपाका महासचिव जंगीलाल रायले संविधान संशोधनमा अंकगणित नपुगे पनि स्थानीय तहको संख्या बृद्धी, सहिद घोषणा, मुद्दा फिर्ता, घाइतेहरूको उपचार लगायतका माग सरकारले पुरा गरेकोले निर्वाचनमा जाने वातावरण बनेको बताए ।

तराई मधेशमा आएको बाढीको कारणले समेत अब निर्वाचनमा गएर राहत र पुनर्निर्माणका लागि काम गर्नुपर्ने राजपाका नेता सकारात्मक देखिएका छन् । बाढी पीडितहरूको उद्धार राहत र निर्वाचनलाई अब संगै लैजानुपर्ने राजपाका महासचिव केशव झाले बताए । संविधान संशोधन निर्णयार्थ पेश भइसकेपछि राजपाले निर्वाचनको तयारी थाल्ने झाले उल्लेख गरे ।

निर्णयार्थ पेश भइसकेपछि पास भएपनि फेल भएपनि निर्वाचनमा भाग लिने राजपाले प्रतिबद्धता जनाइसकेको छ। संविधान संशोधन निर्णयार्थ पेश भएपछि यसका पक्षमा दुई तिहाई बहुमत पुग्नेमा विश्वस्थ रहेको राजपाका उपाध्यक्ष सर्वेन्द्रनाथ शुक्लाको भनाइ छ। 'संविधान संशोधनका पक्षमा दुई तिहाई पुग्छ भन्नेमा हामी विश्वस्थ छौं। यदी पुगेन भनेपनि हामी यही एजेण्डालाई लिएर निर्वाचनमा जान्छौं,'उनले भने,'संविधान संशोधनका पक्षमा ६० प्रतिशत भन्दा बढी सांसदको मत पर्नु भनेको राजनीतिक रुपमा हाम्रो जित हो ।'

### चुनाव चिन्ह साइकल !

काठमाडौं । राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले छाता निर्वाचन चिन्ह नपाउने भएपछि साइकल रोज्ने भएको छ। छाता निर्वाचन चिन्ह दिन नसक्ने निर्वाचन आयोगले पटक पटक स्पष्ट गरेपछि राजपाले साइकललाई नै आफ्नो चुनाव चिन्ह राख्न लागेको हो ।

यसअघि पार्टीभित्र हातको पञ्जा चुनाव चिन्ह राख्ने विषयमा अध्यक्ष मण्डलमा एकमत नभएपछि अन्ततः साइकल नै रोज्ने करिब निश्चित भएको छ। यद्यपी राजपाले यसबारे अझै निर्णय लिइसकेको छैन ।

निर्वाचन आयोगले राजपाले रोजेको एउटा मात्रै चुनाव चिन्ह मतपत्रमा राख्ने प्रतिबद्धता जनाएपछि राजपा निर्वाचनको सहभागितालाई लिएर उत्साहि छ । तर, आयोगले छाता दिन नसक्ने हातको पञ्जा विवादित रहेको बताइदिएपछि राजपा अन्य विकल्पमा लागेको हो ।

उपाध्यक्ष सर्वेन्द्रनाथ शुक्लाका अनुसार साइकल नै चुनाव चिन्ह रहने सम्भावना धेरै छ । साइकल निर्वाचन चिन्ह राजपा बन्नुअघिको राष्ट्रिय मधेश समाजवादी पार्टीसँग थियो। शरत्सिंह भण्डारीको पार्टीले साइकल निर्वाचन चिन्ह प्रयोग गरेर संविधानसभाको दोस्रो निर्वाचनमा सहभागिता जनाएको थियो ।

**समय-सन्दर्भ**

## विपत्मा सहकार्य गरौं

संगीता रेग्मी



विपत्मा परेका नेपाली जनतालाई हाम्रो सहयोग र साथको आवश्यक छ । विपतमा साथ र विकासमा सहकार्य गर्न सके नेपाल साझा, शान्त र विकसित हुन बेर लाग्दैन ।

नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शीतलहर आदि प्रत्येक वर्ष आउँछन् र ठूलो परिमाणको मानवीय, भौतिक एवं अन्य क्षति पुऱ्याउँछ । यस्ता प्रकोपबाट वर्षेनी हजारौंलाई प्रभावित, घरबारविहीन बनाउँदै आएको छ। वर्षेनी हुने यस्ता विपत्तिबाट पाठ नसिक्नु, पर्याप्त पूर्वतयारी नगर्नु, विपत् सामना गर्न सरकारी संयन्त्र तयारी अवस्थामा नबस्नु जिम्मेवार निकायहरूको गैरजिम्मेवारीपना हो ।

यस्ता प्राकृतिक विपदी आकस्मिकता भएपनि दीर्घकालीन रूपमा समस्याको समाधान नखोजिँदा वर्षेपिच्छे यस्ता समस्याबाट हामी पीडित भइरहेका छौं । वर्षयामसँगै हिमाली र पहाडी क्षेत्रमा सुरू हुने पहिरो र तराई/मधेशमा हुने बाढीको समस्या आजको मात्र होइन । प्राकृतिक समस्या पूर्व सूचना दिएर आउँदैन तर यसबाट हुने अनपेक्षित परिणाम आउनु नै संकट हो। नेपाल भूकम्पको जोखिममा छ भन्ने कुरा विदित छ । तराईमा प्रत्येक वर्ष बाढी र आगजनीले जीवन तथा भौतिक क्षति गर्छ भन्ने थाहै छ ।



यस बर्ष मात्रै निरन्तरको वर्षासँगै आएको बाढीले जम्मा २३ जिल्ला डुबानमा परेको छ भने बिहीबारसम्म १३० जनाभन्दा बढीको मृत्यु भएको सरकारी तथ्यांकले देखाउँछ । यस वर्ष मधेशमा बाढीको प्रकोप विगतका वर्षहरूमा भन्दा अझ भयावह देखिन्छ। बालबालिका, वृद्धवृद्धा, सुत्केरीहरूले राम्ररी खान र बस्न समेत पाएका छैनन् भने उनीहरूको शारिरीक अवस्था कमजोर भइसकेको छ।

अन्न भण्डारको उपमा पाएको मधेशले हरेक वर्ष देशभरीको लागि खाद्यान्न परिपूर्ति गर्दै आउँदै छ। तर धान उत्पादनको यो समयमा सम्पूर्ण मधेश बाढीले आक्रान्त भएको छ। बाढीले मधेशका जनताको गाँस त खोज्यो नै कृषि उत्पादन पनि नष्ट गऱ्यो । निरन्तर निर्यात भन्दा आयात बढी भइरहेको हाम्रो देशमा यो वर्षको बाढीले अझ बढी प्रभाव पार्ने देखिन्छ र आयातमा स्वतः वृद्धि हुनेछ। २०७२ बैशाख १२ गते आएको विनाशकारी भूकम्पले गराएको मानवीय र भौतिक क्षति यो वर्षको बाढीले अझ बढी मर्माहित गऱ्यो । विकास र कृषि क्षेत्रमा पनि ठूलो क्षति पुऱ्याएको छ। अविकसित देशबाट विस्तारै विकासन्मुख बन्दै गएको नेपालका लागि यस्ता प्राकृतिक प्रकोपहरूले अझ ठूलो धक्का दिएको छ।

*बाँकी पृष्ठ २ मा*





## सम्पादकीय



# बाढीमा राजनीति नगरौं

यसवर्ष बाढी पहिरोका कारण मधेश र पहाडमा गरी थुप्रै धनजनको क्षति भएको छर । तराई-मधेश, पहाड, हिमाल सबै क्षेत्रका मानिस प्रभावित छन् । हरेक वर्षझैं यस वर्ष पनि प्राकृतिक प्रकोपको पीडा बल्झिएको छ । तराई-मधेशमा बाढी र डुबानका कारण हजारौं मानिस विस्थापित हुनुपरेको छ भने सयौंले ज्यान गुमाएका छन् । यस्तै, पहाडमा पहिरोका कारण घरबास, धनजनको नोक्सानी बेहोर्नुपरेको छ । बाढी र पहिरोका कारण जनताको दैनिकी यति विधि प्रभावित र कष्टकर हुँदा सरकार उदासीन मात्रै होइन, लापर्वाह पनि देखिएको छर । जनताका लागि सरकार भए-नभए बराबर छ ।

बाढी/पहिरो प्राकृतिक प्रकोप हो । प्रकोप या विपत्ति प्रकृतिसँग जोडिएको हुन्छ । यसलाई चाहेर पनि पूर्ण रूपमा रोक्न सकिँदैन । तर हरेक वर्ष दोहोरिने यसखाले प्राकृतिक प्रकोपको जोखिमलाई न्यूनीकरण गर्न भने सकिन्छ । सरकारले प्राकृतिक प्रकोपको जोखिम व्यवस्थापन र न्यूनीकरण गर्ने विषयलाई आफ्नो प्राथामिकतामा राखेको छ । तर, यससम्बन्धी योजना र नीति भए पनि व्यवहारमा कार्यान्वयन गर्न सकेको छैन ।

> बाढी पहिरोलगायत प्राकृतिक विपत्ति पर्दा उद्धार, राहत र पुनःस्थापनाको योजनासहित सरकार चनाखो बस्नुपर्छ । अनि मात्रै प्राकृतिक प्रकोपका जोखिमहरूलाई न्यून गर्न सकिन्छ । तर, सरकारले यी कुनै पनि पक्षमा गम्भीरतापूर्वक ध्यान नदिँदाको दुष्परिणाम भोग्न जनता बाध्य छन् ।

डुबान, बाढी या पहिरोबाट बेघर र विस्थापित भएकाहरूलाई तत्काल उद्धार गर्ने र तिनलाई उचित राहत र पुनःस्थापना गर्न सक्नुपर्छर । बाढी पहिरोलगायत प्राकृतिक विपत्ति पर्दा उद्धार, राहत र पुनःस्थापनाको योजनासहित सरकार चनाखो बस्नुपर्छ । अनि मात्रै प्राकृतिक प्रकोपका जोखिमहरूलाई न्यून गर्न सकिन्छ । तर, सरकारले यी कुनै पनि पक्षमा गम्भीरतापूर्वक ध्यान नदिँदाको दुष्परिणाम भोग्न जनता बाध्य छन् । बाढी पहिरोबाट धनजन गुम्ने मात्रै होइन, महिनौं उचित उद्धार, राहत र पुनःस्थापनाबाट वञ्चित हुने गरेका छन् । यी सबै सरकारी उदासीनता र लापर्वाहीको परिणति हो ।

मधेशका सीमावर्ती क्षेत्र र पारिपट्टि पनि वर्षेनी बाढीको ताण्डव चल्छ । भारतीय सडक वा बाँध निर्माणले गर्दा नेपालतिर डुबान भएको कुरा हरेक यहाँ जोडतोडले उठ्छ तर बाढी सकिएसँगै यो विषय पनि हराउने गर्छ । भारतको उत्तरप्रदेश र बिहार राज्य पनि नेपालका कारण बाढीको चपेटामा परेको हामी बिर्सिन्छौं । भारतले मधेशका केही नदीमा तटबन्ध निर्माणमा लगानी पनि गरिरहेको छ ।

उत्तरप्रदेश र बिहारमा पनि हरेक साल नेपालको मधेश जस्तै समस्या दोहोरिन्छ । नेपालबाट बगेर जाने सबै नदी एउटै गंगा नदी संरचना भित्र पर्छन् जो समुद्रमा मिसिनुभन्दा केही पहिले दुई धारमा बाँडिएर एउटा बंगलादेश हुँदै बग्छ । यसरी पानी व्यवस्थापनमा प्रकृतिले नै नेपाल, भारत र बंगलादेशलाई बाँधेको छ ।

नेपालले जहिले पनि नदी व्यवस्थापनमा छिमेकीसँग सहकार्य र समान लाभको दाबी गर्नुपर्ने हो तर गरेको देखिएको छैन । परिणाम, हरेक वर्ष डुबानको विपत्तिसँगै आपसी अविश्वास बेहोर्नु परिरहेको छ ।

सीमावासी नागरिकहरूका केही यस्ता प्राथमिकता हुन्छन्, जसबारे केन्द्रीय तहमा विवाद नभएकै राम्रो । सीमाञ्चलमा वारि-पारिका बासिन्दामाझ मूलभूत समस्यामा कसरी मतैक्य राखेर समाधान खोज्न सकिन्छ, त्यसनिम्ति काठमाडौं र नयाँदिल्ली जागरूक हुनैपर्छ । बाढीको पूर्वानुमान गर्ने संयन्त्र अभाव र नदी नियन्त्रणमा पर्याप्त स्रोत परिचालन नहुँदाको डुबान समस्या सीमाञ्चलको नियति बन्दै आएको छ । सीमा क्षेत्रमा के-कस्ता संरचनाहरू निर्माण गर्ने भन्ने विषयमा काठमाडौं र दिल्लीबीच कुनै सल्लाह-समन्वय भएको देखिन्न ।

त्यसैले चर्का राजनीतिक विमर्शमा बाढीको समेत राजनीतिकरण भएको छ । विभिन्न शक्तिहरू बाढीको मुद्दाभित्र आफ्नो भविष्य खोजिरहेछन् । तर पीडित जनता चाहिं सुरक्षा र राहत चाहन्छन् ।

## साताको सात बात



प्राकृतिक विपदाको सामना गर्न दीर्घकालीन योजना बनाउनुपर्छ । बाढीपहिरो पीडितको तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउन र प्राकृतिक विपत्तिको सामना गर्नका लागि दिर्घकालीन योजना बनाउन आवश्यक छ । – **विद्यादेवी भण्डारी, राष्ट्रपति**



खाद्यान्न लत्ता कपडा र पालहरू व्यवस्था गरेका छौं । राहतको कुनै कमी छैन, कसैले भोक्कै रहनु पर्ने छैन । – शेरबहादुर देउवा, प्रधानमन्त्री



बाढी, पहिरो र डुबानबाट भएको क्षतिको विवरण तत्काल संकलन गर्नुपर्छ । पीडितको राहत, उद्धार र पुनःस्थापनाको काममा सरकार गम्भीर हुनुपर्छ । – **केपी शर्मा ओली, अध्यक्ष, नेकपा एमाले**



संविधान संशोधन प्रक्रियालाई एमालेले पनि अघि बढ्न दिने भनेको छ, राप्रपासमेत यसमा सकारात्मक देखिएको छ । संशोधनका लागि सबै पक्ष सकारात्मक देखिएकाले भदौ ५ गते संशोधन विधेयक पारित हुन्छ । – **पुष्पकमल दाहाल प्रचण्ड, अध्यक्ष, नेकपा माओवादी केन्द्र**



चीनसँग हामीले बेल्ट एन्ड रोड अवधारणमा सहकार्य गर्न समझदारी पत्रमा कस्ताक्षर गरिसकेका छौं । अब यो समझदारीलाई कार्यान्वयनमा लैजान पूर्वाचार परियोजना छनोट गर्ने हाम्रो तयारी छ । डोक्लामको विषयमा द्विपक्षिय वार्तामा कुरा भएन । – **कृष्णबहादुर महरा, उपप्रधान तथा परराष्ट्रमन्त्री**



तराई/मधेश डुबानमा छ । चुनाब गर्नुपर्ने दायित्व एकातिर छ । यो सरकार भने संविधान संशोधन गर्न खोजिरहेको छ । जनताको अधिकार कटौति गर्नका लागि गरिएको संशोधन प्रस्तावलाई एमालेले कहिल्यै पनि समर्थन गर्दैन । हामी सुरूदेखि नै संविधान संशोधनको विरूद्धमा छौं । संशोधन प्रस्ताव असफल हुन्छ । – **भीम रावल, नेता, नेकपा एमाले**



हाल राहत सामग्री खरिदको प्रकृया चलिरहेको छ । एक दुई दिनमै राहत वितरणका लागि सप्तरी पुगिनेछ । सरकारको आग्रहअनुसार नै स्थानीय प्रशासनसँगको समन्वयमा प्रभावकारी राहत वितरण गरिनेछ । – **शेष घले, अध्यक्ष, एनआरएनए**

*प्रस्तुती : संगीता रेग्मी*

# बाढीपीडित मधेश र गैरजिम्मेवार सरकार

दैवी प्रकोप कसैको नियन्त्रणमा हुँदैन । भूकम्प जस्ता दैवी प्रकोपको पूर्वानुमान परीक्षण नै भइरहेकोले हालसम्म अनुमान गर्न सम्भव छैन भने कतिपय दैवी प्रकोप जस्तै, अत्यधिक वर्षा, बाढी, आँधी, समुद्री आँधी आदीको पूर्व अनुमान गर्न सम्भव छ ? जसका कारण पूर्व सूचना प्रवाहित गरि मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न सकिन्छ । प्राकृतिक विपत्तिले जनधनको क्षति पुर्‍याउने अनुमान भएका स्थानका मानिसलाई अन्यत्र सार्नेदेखि सुरक्षाको प्रबन्ध समेत व्यवस्थासम्म गर्न सकिन्छ र कतिपय देशमा गरिन्छ पनि । विपद आइसकेपछि त्यसबाट प्रभावित जनतालाई सहजता दिने मात्र होइन संचार व्यवस्था कायम राख्ने र सडक/रेलमार्गलाई सकेसम्म चाँडो सूचारू गर्ने र अवरूद्ध भएका ठाउँमा तत्काल खुलाउन राज्यका विपद व्यवस्थापनको जिम्मा पाएको निकायले काम गर्न सकिन्थ्यो तर नेपालमा मौसम पूर्वानुमान शाखाले पहिले सचेत गराउने चलन नै छैन, गराईहाले पनि सरकारले एक कानबाट सुनेर अर्का कानबाट उडाउँछ । अर्को तर्फ यस पटकको बाढीमा सुरक्षा निकायले उद्धार गर्ने कुरा त परै जाओस अघिपछि आम मधेशीलाई खान भन्दा फरक नपर्ला । हुलाकी राजमार्ग बनाएर मधेशलाई समृद्ध बनाउने प्रोपोगाण्डा चलाएको ५७ वर्ष पुरा भइसकेको छ । हुलाकी राजमार्गको प्रोपोगाण्डा शुरू हुँदा जन्मेको मान्छे वृद्ध भईसक्यो, मधेशको दुई पुस्ता बित्यो हुलाकी राजमार्गकै आशमा तर प्रोपोगाण्डा सकिएन । निर्देशन दिएको ४ दिन बित्दा पनि सुरक्षा निकाय परिचालित भएनन् उद्धार कार्यमा । मन्त्रीहरूको प्रोपोगाण्डा भ्रमण टोली लिएर उड्ने हेलिकप्टरहरू मौसमको कारणले उद्धारका लागि भने उड्न सकेनन् । अब राहतको कुरा गरौं । उद्धार नै नगरेको सरकारले राहत दिने त मधेशमा विश्वास नै रहेन, तर सरकारले दैवी प्रकोप उद्धार कोषमा भने २ अर्व जती संकलन गरेको छ बाढीको नाममा । केही सामाजिक संस्थाले मधेशमा राहत वितरण शुरू गरेको खबरहरू आएपछि गृहमन्त्रीले दैवी प्रकोप उद्धार समितिको



आकस्मिक बैठक बोलाई व्यक्तिगत र संस्थागत रूपमा सिधै राहत वितरण गर्न नपाउने निर्णय गरे । संकलित राहत गृह मन्त्रालय र अर्थ मन्त्रालयसँग समन्वय गरी सरकारी कोषमा जम्मा गर्ने निर्देशन जारी गरे । उद्धार गर्न आकस्मिक बैठक बोलाउन नसक्ने सरकारले कमसेकम आफुले गर्न नसकेको राहत वितरणमा रोक लगाउन भए पनि आकस्मिक बैठक बोलाउन भ्यायो । हुनत सरकारको यस निर्णयको विभिन्न संघसंस्थाले अवज्ञा गरेर भए पनि राहत वितरण जारी राखेका छन् । राहत कोषको रकमबाट मन्त्रीहरूलाई हेलिकप्टरमा भ्रमण गराईरहेको सरकारले मधेशका केही स्थानमा कुहिएको चामल भए पनि बाँड्यो र थप पीडा दियो । बाढीको पानी कम हुँदै जाँदा अवरूद्ध बाटोहरू स्थानियले आफ्नै पहलमा पैदल यात्राका लागि भए पनि खुलाउन थालेका छन् । विस्तारै बाटो खुल्न थाले पछि सुरक्षा निकाय पनि आफ्नो नियमित काम र स्थानमा देखिएका छन् । चेकपोष्टहरू फेरी सकृय भएका छन् । सदरमुकामहरूमा जनजिवन सामान्य जस्तो देखिए पनि धेरैजसो ठाउँमा राहतको आवश्यक्ता टड्कारो छ । सरकार "न करेंगे न करने देंगे"को मनस्थितिमा छ । बाढी कम हुँदै गए पनि फैलिन सक्ने रोग र महामारी तर्फ सरोकारवाला निकायहरूले सचेत गराएका छन् । कतिपय स्थानिय रेडियोहरूले रोग र महामारीबाट बच्न सन्देशहरू प्रशारण गरिरहेका छन्, तर स्वास्थ्य मन्त्रीको हेलिकप्टर भ्रमणका बावजुद पनि सरकारी निकाय सम्भावित महामारी र रोगबाट बचाउन तयारी अवस्थामा देखिँदैनन । केही गरी महामारी फैलीहालेमा उद्धारमा जस्तै सरकारको रवैया रहेमा ठूलो जनधनको क्षति हुन सक्छ । अर्को तर्फ बाढीले खेतीलाई पारेको क्षतिका कारण मधेशमा भोकमरीको स्थिति समेत आउन सक्छ ।



रानी शर्मा

> भूकम्प आउँदा केही मिनेट भित्रै स्वतःस्फुर्त रूपमा उद्धारका लागि सकृय भएको सुरक्षा निकाय मधेशमा बाढी आउँदा किन सकृय भएनन् ।



मधेशमा बाढीको रूपमा आएको विपत्तिमा सरकार र सुरक्षा निकायको व्यवहारले केही गम्भिर प्रश्नहरू खडा गरेको छ । भूकम्प आउँदा केही मिनेट भित्रै स्वतःस्फुर्त रूपमा उद्धारका लागि सकृय भएको सुरक्षा निकाय मधेशमा बाढी आउँदा किन सकृय भएनन् । प्रधानमन्त्रीको निर्देशनका बावजुद पनि सुरक्षा निकाय किन उद्धारमा खटिएनन् ।

गर्छ । नेपालमा भने विपदको समयमा नेपाली सेनाले आपतकालिन अवस्थामा नेतृत्व लिने गरेको छ । देशमा आएका विभिन्न विपतमा नेपाली सेनाले आफ्नो सम्पूर्ण साधनस्रोत र जनशक्ति प्रयोग गरेर विपदमा परेकालाई उद्धार गरेको प्रसस्तै उदाहरण छन् । तर यस पटक विगत शनिवार अर्थात २७ श्रावण देखि मधेशका जिल्लामा आएको भिषण बाढीको विपत्तीमा थप सक्रियताको खाँचो देखियो ।

नेपालमा २०७२ बैशाख १२ को भूकम्पमा सुरक्षा निकायले स्वतस्फूर्त रूपमा तत्काल उद्धार कार्य शुरू गरेको, आफ्ना अधिनमा रहेका स्थान आम जनताका लागि तत्काल खुला गरिदिएको जस्ता कदम उदाहरणीय बनेका थिए । बन्द यातायात खुलाउन समेत सुरक्षा निकाय तत्काल सकृय भएका थिए । त्यसैगरी सरकारी स्वामित्वको रेडियो नेपालका संचारकर्मी र प्राविधिकहरूले भूकम्पताका खतरा मोलेर पनि लगातार समाचार र सूचना संप्रेशण गरेर सार्वजनिक संचारमाध्यमको उत्तरदायितवलाई पूर्ण रूपमा पालना गरेको विषय अन्य देशी विदेशी संचार माध्यमका लागि उदाहरणीय रह्यो । सामान्यतया समाचार र सूचनाका लागि निजी क्षेत्रको रेडियो टेलिभिजनमा भर पर्ने नेपाली जनताका लागि विपदको बेला सरकारी स्वामित्वको रेडियो नेपाल नै बढी विश्वसनीय संचारमाध्यम बन्न सफल भएको थियो । यसपटक मधेशमा बाढीको विपत्ति आउनु अगाडि सचेत गराउने र जोखिमयुक्त ठाउँबाट जनतालाई जोखिममुक्त ठाउँमा सार्ने काम तलाश गर्न जतातते तैनात रहने सुरक्षाकर्मी ३ दिनसम्म कतै देखिएनन् । यसअघि पहाडमा आएका विपत्तिमा देखे सुनेको आधारमा नेपाली सेनाबाट यातायात सम्पर्क टुटेका ठाउँमा यातायातको अस्थायी व्यवस्था गर्ने, बाढीमा परेकाको उद्धार हुने अपेक्षा गरेका मधेशी जनताको विश्वास पाउन नेपाली सेना थप सक्रिय हुन जरूरी देखियो । केही सदरमुकाममा मात्र फाट्टफुट्ट रूपमा सुरक्षा निकायको उपस्थिति देखियो । देशका विभिन्न स्थानबाट हवाईजहाज उडेपनि सेनाको हेलिकप्टर मौसमका कारण नउडेको जनाउ गृह मन्त्रालयका प्रवाक्ताले दिए । बेला बेला मधेशप्रति नकारात्मक रूपमा प्रस्तुत भईरहने सरकारी स्वामित्वमा रहेको सञ्चार माध्यम रेडियो नेपालले भने यस पटकको विपत्तीमा अन्य नीजि क्षेत्रका सञ्चार माध्यम भन्दा प्रभावकारी भूमिका नै खेल्यो ।

बाढी आएको दिन साँझ मात्र दैवी प्रकोप उद्धार समितिको बैठक बोलाउन साईत जुराएका प्रधानमन्त्रीले सुरक्षा निकायको बैठक बोलाएर उद्धारमा खटिन निर्देशन भने भोलीपल्टको राती मात्र दिन भ्याएका थिए । प्रधानमन्त्री, गृहमन्त्री लगायतकाले दिएका निर्देशन, आश्वासन र घोषणा उत्तर कोरियाले दुनियालाई देखाउन गरेको विकास र समृद्धिका प्रोपोगाण्डा (झुठा प्रचार) जस्तो मात्र सावित भए । हुनत २००७ साल देखि नै नेपाली काँग्रेस लगायतका सरकारले मधेशमा जालझेलको राजनीति मात्रै गरेको छ

प्रधानमन्त्रीको घोषणा प्रोपोगाण्डा मात्र थिए, वा सुरक्षा निकायले सरकारलाई नटेरेका हुन ? यो दुवै अवस्था राज्यको लागि गम्भिर अवस्था हो । सत्ताधारी समुदायका केही व्यक्तिहरूले सामाजिक सञ्जालमा "आन्दोलन गर्ने अनि राहत पनि चाहिने ?" जस्ता विचारहरू लेखेका छन् । के मधेशले अधिकारका लागि आन्दोलन गरेकै कारण राज्यले मधेशसँग यस्तो व्यवहार गरेको हो ? राज्यको यस्तो मानवता विरोधी व्यवहारले मधेशलाई राज्यबाट अझ भावनात्मक रूपले टाढा पुर्‍याउँदैछ । राज्यको नश्लीय चरित्र छर्लङ्ग पारेको छ । यो राज्यमा मधेशीका लागि ठाउँ छैन भन्ने सन्देश सरकारले दिन खोजेको भान मधेशी समुदायमा परेको छ । तसर्थ सरकारले तत्काल राहत र पुनर्स्थापनाको कामलाई गति दिई गल्ती सच्याउनु राष्ट्र हितमा हुनेछ ।

*(लेखक, राजपा नेपालकी वरिष्ठ उपाध्यक्ष हुन् ।)*

## विपत्मा सहकार्य...

### सतर्कता जरूरी

नेपालमा ठूलठूला जोखिम, विपत् र संकटमा सूचना प्रविधिको पर्याप्त प्रयोग गरिएको देखिँदैन । अहिले नेपालमा बाढीको जोखिमबारे पूर्वसूचना बेलैमा पर्याप्त प्रवाह नभएकाले र सजगता नअपनाइनाले धेरैको ज्यान गएको छ र कैयौं पीडित हुनपुगेका छन् । बाढी-पहिरोको पूर्व सूचनाले सम्भावित जोखिमलाई न्यूनीकरण गर्न सक्छ । हामीले जति सक्दो चाँडो सुधार गरेर प्रविधिलाई सार्वजनिक सेवाप्रवाहमा अधिकतम उपयोग गर्दै जनताको दैनिक जीवन सहज बनाउन अति जरूरी छ ।

यस्ता प्राकृतिक प्रकोपहरू वर्षौंपिच्छे आउने गर्छन् । यो विषयमा सरकारले हेक्का नराख्नु, पूर्व तयारी नगर्नु, संकटपछिको विपत्लाई प्रभावकारी व्यवस्थापन नगर्नु नै ठूलो समस्या हो । समथल भू-भाग भएको मधेशमा केही दिनको वर्षाले नै डुबानको समस्या देखा पर्दछ । वनजंगल विनाश, चुरेको दोहन, जलवायूमा परिवर्तन बाढीको मुख्य कारणको रूपमा रहेको छ । चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यकता हो । नदी नियन्त्रण, वृक्षारोपण, जग्गा प्लटिङमा कडाई, बसाई-सराईं उचित व्यवस्थापन, पानीको उचित व्यवस्थापन गर्न सकेमा बाढीबाट केही हदसम्म जोगिन सकिन्छ ।

विपत्तमा सबै नेपाली एक अर्काको साथ दिनुपर्छ । राहतमा कुनै राजनीति हुनुहुँदैन । सबै वर्ग, समुदाय एकजुट भएर विपत्तको सामना गर्नुपर्छ । भूकम्पका बेला मधेशले पहाडलाई सहयोग गरेको थियो, त्यसरी नै बाढीले विनाश गरेको मधेशलाई पहाडले सहयोग र सद्भाव देखाउने बेला भएको छ । आफ्नो क्षमता, ज्ञान, अनुकूलता अनुरूप आ-आफ्नो ठाउँबाट विपत् व्यवस्थापनमा जुट्नुपर्छ । सरकार र अन्य राजनीतिक दलको आलोचना गर्नुभन्दा आआफ्नो ठाउँबाट सकेको सहयोग गर्नु नै अहिलेको आवश्यकता हो । विपत्मा परेका नेपाली जनतालाई हाम्रो सहयोग र साथको आवश्यक छ । विपतमा साथ र विकासमा सहकार्य गर्न सके नेपाल साझा, शान्त र विकसित हुन बेर लाग्दैन ।

## उपेन्द्र महतोको नेपाल मेडिसिटी हस्पिटल र कान्तिपुर बाढी पहिरो राहत कोषबीच सहकार्य



काठमाडौं । गैरआवासीय नेपाली संघ (एनआरएनए) का संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोको छिट्टै सञ्चालनमा आउन लागेको अर्न्तराष्ट्रिय स्तरको अस्पताल नेपाल मेडिसिटी हस्पिटल र बाढीपहिरो पीडितलाई तत्काल राहत पुर्याउन स्थापना भएको 'कान्तिपुर बाढी पहिरो राहत कोष'बीच सहकार्य भएको छ । कान्तिपुर मिडिया ग्रुप (केएमजी) द्वारा प्रवर्द्धित गैरनाफामूलक कल्याणकारी संस्था कान्तिपुर फाउन्डेसनले "आउनुहोस् यो अकल्पनीय विपत्तिपीडितहरूको सहयोगार्थ तपाईं पनिहातेमालो गर्नुहोस्" भन्ने मुल नाराका साथ ११ लाख रूपैयाँ राखेर कोष स्थापना गरेको हो । कोषमा ११-११ लाख रूपैयाँ सहयोग गरी नेपाल मेडिसिटी हस्पिटलसँगै नेपाल इन्भेस्टमेन्ट बैंक, सिद्धार्थ बैंक, एनआईसी एसिया बैंक र सानिमा बैंक पनि साझेदार बनेका छन् ।

कोषमा हजार रूपैयाँभन्दा बढी सहयोग गर्ने व्यक्ति एवं प्रतिष्ठान/संस्थाहरूको नाम कान्तिपुर, दी काठमान्डु पोस्ट र ई-कान्तिपुरमा प्रकाशित हुने र कान्तिपुर टेलिभिजन र रेडियो कान्तिपुरबाट पनि प्रसारण गरिने फाउण्डेशनले जनाएको हो ।

पाँच लाख रूपैयाँ वा त्यसभन्दा बढी सहयोग गर्नेहरूको नामावली तस्बिरसहित प्रकाशन र प्रसारण गरिने उक्त फाउण्डेशनले जनाएको छ ।

# प्राकृतिक विपदाहरू नियन्त्रणका लागि दूरगामी योजना आवश्यक छ

हाम्रो यहाँ विपद आएको बेला मागी खाने भाडो बनाउने मानसिकताले यी समस्याहरू आएको हो । हामीले विपती र यी संकटहरूको नाममा मागी खाने भाडो बनाउने होइन की यसको सुधार गर्नुपर्छ । यसलाई सरकारले अन्तर्राष्टिय स्तरबाट पनि सहयोग मागेर यसबाट नागरिकहरूलाई कसरी सुरक्षित राख्न सकिन्छ, यी कामहरूलाई अगाडि बढाएर दीर्घकालीन समाधान दिनुपर्ने आवश्यकता रहेको छ ।



## रामेश्वर राय यादव
## वरिष्ठ राजनीतिज्ञ

**० तराई/मधेशमा वर्षेनी प्राकृतिक विपदहरू आइरहन्छन् जसबाट मानवीय क्षतिदेखि अर्बौंको धनमालसमेत क्षति हुने गरेको छ, यसलाई तपाई कुन रूपमा लिनुभएको छ ?**

– धेरै दुखद कुरा हो हाम्रो देशको र मधेशको लागि । ग्लोबल वार्मिङ्गको कारण पनि यसप्रकारका विपदाहरू आइरहेका हुन्छन्, त्यो पनि एउटा कारण हो । अहिले जुन रूपमा जंगल विनाश, हरियाली विहिन वतावरण बनिरहेको छ, यी कारणहरूले पनि प्राकृतिक आपदाहरू आइरहेका छन् । यी यस्ता प्राकृतिक विपद पहाडले पनि भोग्दै आएको छ । मधेशमा आएको बाढीले झण्डै १ सय २८ भन्दा बढि मानिसहरूले ज्यान गुमाएका छन् भने सैकडों मानिसहरू घाइते भएका छन् र हजारौं मानिसहरू घरवारविहीन भएका छन् । यी परिस्थितीलाई सामना गर्नको लागि सरकार र नागरिक अगुवा लगायत हामी राजनीतिक दलका सबै एकजुट भएर समन्वय गरेर अगाडी बढ्यो भने विपतीको सामना गर्न सकिन्छ । अहिले सम्पुर्ण कामहरू छोडेर प्राकृतिक प्रकोपमा फसेको नागरिकहरूको उद्धार गर्नु पर्छ । हामी यो मामिलामा कुनै दलका रूपमा होइनौ, हामी कुनै पक्ष र प्रतिपक्ष छैनौं, हामी सबै नेपाली नागरिक हौं र विपदमा फसेकाहरूलाई उद्धार गर्नुपर्ने नै पहिलो प्राथमिकता हो । बाढी पीडितहरूको क्षतिपूर्ति र उनीहरूको वृद्धि विकासका लागि एकजुट भएर अगाडी बढनुपर्छ । त्यसमा सम्पूर्ण राजनीतिक दलहरू अगाडी बढ्नुपर्छ । खास गरेर मधेशवादी दलका नेताहरूले बाढी पीडितको राहत तथा उद्धारका लागि अघि बढ्नुपर्ने आवश्यता रहेको छ ।

**० सरकारले दीर्घकालीन रूपमा समस्याको समाधान तथा व्यवस्थापन गर्न नसक्नुको कारण के होला ?**

– सरकारले 'जति बेला पर्छ त्यति बेला टर्छ' भन्ने उखान जस्तै मनोवृतिबाट अगाडी बढिरहेको छ । हो अहिले मात्र यस्ता विपति मात्र आएको होइन विगतका दिनहरूमा पनि यस्ता प्राकृतिक प्रकोपहरू आएको हो । मेरो विचारमा नीति निर्माणमा बसेकोहरूले दूरगामी योजना बनाउनुपर्ने आवश्यता रहेको छ । तर हाम्रो यहाँ विपद आएको बेला मागी खाने भाडो बनाउने मानसिकताले यी समस्याहरू आएको हो । हामीले विपती र यी संकटहरूको नाममा मागी खाने भाडो बनाउने होइन की यसको सुधार गर्नुपर्छ । यसलाई सरकारले अन्तर्राष्टिय स्तरबाट पनि सहयोग मागेर यसबाट नागरिकहरूलाई कसरी सुरक्षित राख्न सकिन्छ, यी कामहरूलाई अगाडि बढाएर दीर्घकालीन समाधान दिनुपर्ने आवश्यकता रहेको छ । सरकारले खहरे खोलाहरूलाई एकीकृत पाइपलाइनमा ल्याएर नियन्त्रण गरेर त्यसबाट विजुली उत्पादन गर्ने योजनाहरू नबाएसम्म यी परिस्थितिहरू आइरहन्छ । यस्तो हरेक वर्ष उर्बर भूमिहरूलाई बाढीले बिगार्दैछ । अझै पनि सरकार सचेत भएन भने विकाराल अवस्था आउन सक्छ । म सरकार र सम्पूर्ण सरोकारबालाहरूलाई आग्रह गर्न चाहन्छु कि बाढी पीडितहरूलाई तत्काल उद्धार र राहतको काम त गर्नै पर्छ तर यसलाई नियन्त्रण गर्नका लागि दुरगामी योजना पनि बनाउनु उतिकै जरूरी छ । यसको स्थायी निदान नदिएसम्म हामी हरेक वर्ष ठूलो मात्रामा जनधनको क्षति बेहोर्नु पर्छ । यस्ता समस्याहरूको समाधानका लागि योजना बनाएर अगाडि बढ्नुपर्छ ।

**० यस्ता प्राकृतिक प्रकोपबाट हुने क्षतिलाई न्यूनीकरण गर्नका लागि के कस्ता कार्यहरू सरोकारबलाहरूले गर्नु पर्छ ?**

– हामीले पानीलाई भण्डारण गरेर विजुली उत्पादनदेखि लिएर सिंचाइ लगायत अन्य कामहरू गर्न सक्छौँ । यसो गऱ्यो भने हाम्रो देश उभो लाग्छ, हाम्रो देशका नागरिकहरू आर्थिक रूपमा अगाडि बढ्न सक्छन् । त्यहीं भएर सरकारले यी कुरामा ध्यान दिनुपर्छ ।

**० तपाईले भने जस्तै सरकारले पानीको उचित व्यवस्थापन गरेर आर्थिक रूपमा सम्पन्न हुन सक्छ तर यी कामहरू गर्न कि चुकिरहेको छ ?**

– यो देशमा रहेका नेताहरू सरकार खसाउने र बनाउने खेलमा बढी लागेका छन् । हामीसँग भएका प्राकृतिक सम्पदाहरूलाई सदुपयोग गरेर अगाडी बढ्न सक्छौं । हामीसग भएको जडिबुटी देखी लिएर विद्युतको अपार सम्भावना देखी लिएर प्राकृतिक स्रोतले यस्तो भरिपूर्ण हो कि यो देश सुनको देश बन्न सकिन्छ । यो गर्न नसक्ने काम केही पनि छैन । हामीले सबै नागरिक मिलेर पहल गरेर अघि बढ्ने हो भने यो देशमा सबै कुरा सम्भव हुन्छ । अब हामी सचेत भएर अगाडी बढ्नुपर्छ ।

**० विगतका वर्षमा आएका महाभुकम्पमा परेका पीडितहरूको अहिलेसम्म उचित व्यवस्थापन हुन सकेका छैन, र यसै क्रममा तराई मधेशमा बाढीले बेहाल बनाएको छ, यसमा सरकारी पक्षले गरेको काम प्रति तपाई कतिको सन्तुस्ट हुनुहुन्छ ?**

– भूकम्प पीडितहरूलाई पनि अहिलेसम्म सरकारले व्यवस्थापन गरेको छैन । र अहिले पनि तराई मधेशका बाढी पीडितहरूलाई राहत तथा उद्धार कार्यमा सरकारले उचित कार्य गर्न सकेका छैन । त्यसैले सरकारको यस्तो रबैयाले असन्तुस्ट छु । बाढी नियन्त्रणको पूर्व व्यवस्थापनमा हामी चुकेका छौँ र यस्तो आगामी दिनमा नहोस् भन्ने मेरो चाहना हो ।

**० सरकारको कार्यशैलीले मधेशको जनतामा निराशा उत्पन्न भएको छ ?**

– अहिलेसम्म न त सरकारले न त सरोकारबाला निकायहरूले बाढीले भएको क्षतिको यकिन विवरण निकाल्न सकेको छ । अहिले जहाँ जहाँ घरबारविहीन भएका छन् ती ठाँउहरूमा खाद्यान्न पुग्न सकेको छैन । शरिर ढाक्ने कपडा छैन । किसानहरूको धान खेतीहरू त्यो सबै बगायो । करोडौंको धनमालको क्षति भएको छ । तत्काल राहतको साथसाथै किसानहरूको क्षतिहरूको बारेमा अध्ययन गरेर सरकारले राहतको प्याकेज बनाउनु पर्छ । मधेश यो देशको संवेदनशील अंग हो । त्यो सबै गर्नको लागि राष्ट्रिय क्षमताबाट सम्भव छ भने पुरा गर्नु पर्छ नत्र भने अन्तर्राष्ट्रिय शक्तिहरूलाई आह्वान गरेर यो समस्याको समाधान गर्नेतिर सरकारको ध्यान पुगोस् ।

**० बाढीपीडितहरूको राहत र उद्धार कार्यलाई थप प्रभावकारी बनाउन के-के गर्नु आवश्यक छ ?**

– सरकारले सम्पूर्ण राजनीतिक दलहरू, नागरिक अगुवालाई लिएर अगाडि बढ्नुपर्छ । यसमा कसैसँग भेदभाव गर्नु हुँदैन । जहा समस्या रहेको छ त्यो समस्यालाई सरकारले समाधान गरिदिनुपर्छ । बाढी प्रभावित हरेक नागरिकले राहत पाएको महशुस गर्न पाउनुपर्छ ।

**० संकटग्रस्त क्षेत्र घोषणाको माग उठिरहेको छ, यसलाई कुन रूपमा लिनुभएको छ ?**

– बाढी प्रभावित क्षेत्र संकटग्रस्त क्षेत्र घोषणा हुनुपर्छ । वर्षभरि परिवारको पालन पोषणको लागि रोपेका धानबाली पूर्ण रूपमा नष्ट भएर गएको छ । जनधनको ठूलो मात्रामा क्षति भएको छ । हरेक क्षेत्रमा भएको क्षतिलाई ध्यान दिएर त्यो क्षेत्रलाई संकटग्रस्त घोषित गरेर विशेष राहतको प्याकेज व्यवस्था गर्नु पर्छ ।

**० चुरेको संरक्षण नभएकै कारण तराई-मधेशमा यस्ता विपतिहरू आउने गरेको भन्न सकिन्छ ?**

– चुरे संरक्षणका लागि राष्ट्रपति चुरे संरक्षण कोषको स्थपना पनि भएको हो । जसमा कामहरू धेरै भए पनि ठोस रूपमा हुन सकेका छैन । विभिन्न ठाउँहरूको मान्छेहरू चुरेमा आएर चुरेलाई दोहन गरिरहेको अवस्था छ । चुरे क्षेत्रमा आवश्यक नियम कानुन बनाएर त्यसको कार्यान्वयन तिर जानुपर्छ ।

**० चुनावको बेला सबै राजनीतिक दलहरूले ठूलठूला नाराहरू दिएर मधेशकेन्द्रित कार्यक्रमहरूमा तीव्रता दिन्छन् तर अहिलेको अवस्थामा दलहरूको उदासिनतालाई कुन रूपमा लिनुहुन्छ ?**

– सानो सानो कुरामा दलगत हुने जुन प्रवृति त्यो हटाउनुपर्छ । मधेश बिनाको देश कल्पना पनि गर्न सकिदैन । त्यसैले चुरेलाई उच्च प्राथमिकतामा राखे संरक्षण गर्नु पर्छ । पार्टीहरूले आफ्नो घोषणापत्रमा मात्रै सीमित राख्नुहुँदैन काम पनि गर्नुपर्छ । मलाई लाग्छ चुनावी नाराको लागि मात्रै होइन काम पनि गरेर देखाउनुपर्छ ।

**० अन्त्यमा, बाढीपीडित जनता र तिनीहरूको उद्धार तथा राहतका लागि के भन्न चाहनुहुन्छ ?**

– बाढीपीडित जनताहरू आफ्नो स्वास्थ्यप्रति सचेत हुनुपर्ने बेला छ । अखाद्य वस्तु नखाने, शुद्ध पिउने पानी पिउनुपर्छ । सरकार लगायत सम्पूर्ण राजनीतिक दल र नागरिक अगुवाहरूले तराई मधेशको बाढीपीडितहरूको राहत र उद्धारमा जुटनुपर्छ । *(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

# वर्षा अत्यधिक हुने कुरा जागरूकताको कमिका कारण जनस्तरसम्म पुग्न सकेन



## डा.कृष्णचन्द्र साह
## जलश्रोतविद्

बाढीका बेला नदीका ढोका खोल्दा दुवै पक्षले हिसाबकिताब गरेर निष्कर्षमा पुगेर निर्णय गर्छन् । उनीहरूले के गर्दा कमभन्दा कम क्षति हुन्छ भन्ने कुरा संयुक्त रूपमा निर्णय लिन्छन् । यो देशमा बढी र यो देशमा कम क्षतिभन्दा पनि समग्रमा कम क्षतितर्फ ध्यान दिइन्छ । त्यही बमोजिम उनीहरूले गरिरहेका छन् । थाहा नपाउनेहरू यो र त्यो भनिरहेका छन् । वास्तवमा त्यस्तो होइन ।

**०यस पटक अत्यधिक वर्षा किन भएको होला ?**

– अहिले आएर अत्यधिक वर्षा भएको कुरा सत्य होइन ।

रेन फल इन्टेन्सिटी डयुरेशन कर्भ हुन्छ । हरेक लोकल एरियाका लागि पचास वा सय वर्षसम्ममा सबभन्दा बढी वर्षा हुने क्षेत्रको सम्भाव्यता कर्भ पहिले पनि तयार भएकै हो । हरेक वर्ष भएकै हो । वर्षा त्यो बमोजिमकै हो । तर, हरेक वर्ष हुने वर्षाभन्दा यस वर्ष बढी भएको देखिएको हो । यसलाई प्राकृतिक नै मान्नुपर्छ ।

**० यस वर्ष किन बढी वर्षा भएको हो त ?**

– यसमा हाइड्रोलोजिक फेनोमेना वा प्रक्रियालाई सम्भाव्यताका आधारमा आंकलन गरिन्छ । जस्तै पुलपुलेसा बनाउँदा पनि ५० वर्ष वा १०० वर्षसम्ममा अत्यधकि वर्षा हुन सक्ने र त्यसको भार थाम्न सक्ने गरी बनाइएको हुन्छ । त्यस्तै ठूल-ठूला संरचना १०० र ५०० सय वर्षलाई ध्यानमा राखेर बनाइएको हुन्छ । यस वर्ष वर्षैपिच्छे हुने वर्षाभन्दा दोब्बर आकारको देखिएको हो । त्यसलाई अनुमान गरेकोभन्दा फरक किसिमले वर्षा भएको भन्न मिल्दैन ।

**० यति वर्षको फरकमा यस्तो भारी वर्षा हुन्छ भन्न सकिन्छ । कि यस्तो किसिमको वर्षा अर्को वर्ष पनि हुन सक्छ ?**

– यसको जस्तो वर्षा अर्को वर्ष हुँदैन वा यो भन्दा झन् ठूलो वर्षा हुँदैन भनेर सोच्नु नै गतल हो । यसको सम्भाव्यता अस्थिर हुन्छ । बाढी आउने सम्भावन हरेक वर्ष रहेको हुन्छ । के कत्ति पानी पर्छ भन्ने कुरा वैज्ञानिक विधिबाट पत्ता लगाउन सकिन्छ । यस विषयमा हामीले जानकारी गराउने काम पनि गर्दै आएका छौं । यतिसम्म वर्षा हुने सम्भावन यति प्रतिशत र यो भन्दा बढी वर्षा हुने सम्भावन यति प्रतिशत भनेर भन्न सकिन्छ । पूर्वानुमानको विश्वसनीयता ८० प्रतिशतसम्म हुन्छ ।

**० अब यस्तो किसिमको बाढी आउँछ भनेर पूर्व जानकारी भइदिएको भए क्षति कम गर्न सकिन्थ्यो नि ?**

– यसमा मेरा फरक विचार छ । नासाको बेवसाइटका साथै नेपालकै मौसम विभागले मौसम पूर्वानुमानको डाटा बेवसाइटमा बारम्बार राख्दै आएका छन् ।

**० भनेपछि सरकारले यो सूचना जनस्तरसम्म पुऱ्याउन त्यतिको ध्यान नदिएकै हो ?**

– होइन यो गलत हो । सरकारले सूचना दिने काम गरिरहेको छ । सरकारी निकायले विज्ञप्ति निकालेर नै जानकारी दिँदै आएको छ । यसका साथै यस्ता थुप्रै वेभसाइटले यस विषयमा जानकारी दिँदै आएका छन् । मानिसलाई थाहा नभएर हेर्न नसकेको हुन सक्छ ।

**० सम्बन्धित निकायले सूचना बुलेटिन निकालेका होलान् । तर, सरकारले यो सूचना जनतासमक्ष पुऱ्याउन सकेन कि ?**

– हुन सक्छ । किन भने मौसम विभागले प्रष्ट रूपमा भन्दै आएको छ कि रिस्की ठाउँहरूमा एसएमएस गरेर नै सावधान गराउँदै आएको छ । हुन सक्छ कति ठाउँमा एसएमएस पुगेको होला, कति ठाउँमा नपुगेको होला । सम्बन्धित सीडीयो कार्यालयमा पक्कै पनि पुगेको होला । यसका साथै प्रशासन कार्यालयमा दैवी प्रकोपको हरेक गतिविधि हेर्ने शाखा नै छ । हुन सक्छ, उनीहरूले जनस्तरमा यो सूचना पुऱ्याउन ढिलो गरेको हुन सक्छ ।

**० नेपालको मौसम विभाग कत्तिको सुविधासम्पन्न छ ?**

– नेपालको मौसमसम्बन्धी सरकारी निकाय पूर्ण रूपमा सुविधा सम्पन्न छ । यो विभागमा विज्ञ र तालिमप्राप्त व्यक्तिको कमि छैन ।

**० त्यसो भए पानी कत्ति दिन पर्ला भनेर सर्वसाधारण किन अन्यौलमा थिए त ?**

– पक्कै पनि । यस विषयमा सर्वसाधारणले जानकारी लिन नखोज्नु । धेरै क्षति भएपछि मात्र यस विषयमा हामी चासो राख्ने गरेका छौं । यो पनि एउटा कारण हो । आगामी १० वर्षको मौसमको पूर्वानुमानअहिले नै थाहा पाउन सकिन्छ ।

**० भनेपछि सरकारले जनतालाई बेलैमा जानकारी दिन त्यति ध्यान दिएन ?**

– सरकारले ध्यान दिएन भन्न मिल्दैन । सम्बन्धित निकायले आफ्नो काम गरेको छ । तर, जनस्तरमा जसरी सूचना पुग्नुपर्ने हो, त्यो चाहीँ हुन सकेन ।

**० भनेपछि सरकारको संयन्त्रमा त्रुटि भएको मान्नुहुन्छ ?**

– हो । त्यसमा सुधारको आवश्यकता छ । होइन भने यस्तो क्षति बेहोर्नुपर्ने थिएन ।

**० बाढीबाट अत्यधिक क्षति हुनुमा भौतिक संरचनाको कत्ति हात छ ?**

– ड्रेनेजको विषयमा जति ध्यान पुग्नुपर्ने हो, त्यति ध्यान पुगेको छैन । वर्षा हुँदा पानीको निकास कसरी गर्ने भन्ने कुरामा त्यति ध्यान दिइएको छैन । यो विषयमा जागरूकता देखिएको छैन । जनकपुरकै मुजेलियामा सडक काटेर पानी बगाउनुपर्ने अवस्था देखियो । बाढी आएको बेलामा यो संरचनाले थग्न सक्छ कि सक्दैन । यसप्रति ध्यान नै दिइएको छैन । यस विषयमा कसैले हिसाब किताब गर्न पनि उचित ठान्दैनन् । त्यसकारण यो विसंगति नै हो ।

**० इन्जिनियरहरू पानीको निकासको डिजाइनमा ध्यान दिएनन् ?**

– त्यतिखेर यसप्रति चासो देखाइएन ।

**० अर्कोतर्फ व्यक्तिगत रूपमा भवन अथवा घर बनाउँदा पनि अग्लो जग राख्ने चलन छ । यसमा के भन्नुहुन्छ ?**

– अग्लो घर बनाए बाढीबाट जोगिन सकिन्छ । तर, लागत बढ्ने हुन्छ । डुबान कहाँसम्म हुन सक्छ भन्ने कुराको हिसाबकिताब गरेर घर बनाएपछि बल्ल यसलाई बेस्ट इन्जिनयरिङ भन्न सक्छौ । ५० वर्षको हिसाब गर्ने कि १० वर्षका हिसाब गर्ने कि २०० वर्षको हिसाब गर्ने त्यो ध्यान दिनुपर्छ । यति वर्षसम्म यो स्तरभन्दा माथि पानी जाने सम्भावना छैन भनेर हिसाबकिताब गर्न सकिन्छ । र, त्योभन्दा माथि घर बनाउनुपर्ने आवश्यकता नै हुँदैन ।

**० नालाहरू व्यवस्थित नहुँदा पनि अत्यधिक क्षति भएको हो ?**

– यसमा सबै स्थानमा सबै किसिमका कुरा हुन्छन् । जनकपुरको कुरा गर्ने ढल बनिरहेका छन् । नाराहरू निर्माणकै चरणमा छन् । र, जुन सोच छ, त्यो बमोजिम नाला खुलिसकेका छैनन् । थुनिएको अवस्थामा छन् । त्यसले गर्दा झन अवरोध श्रृजना भएको छ । यस्तो स्थितिमा बाढीको प्रभाव झन् बढ्ने स्वभाविक हो । यसमा सम्बन्धित इन्जिनियरले सोच्नुपर्छ । यी ठूला गल्ती हुन् ।

**० असार-श्रावणतिर यस्तो समस्या आउँला भनेर बेलैमा सोचिएन ?**

– बिल्कुलै सोचिएन । बेवास्ता गरियो । पूर्व सतर्कताका रूपमा केही पनि गरिएन ।

**० भारतले सबै ढोका नखोलि दिँदा सप्तरी र सुनसरी बढी प्रभावित भयो भनेर पनि भनिन्छ । यसमा के भन्नुहुन्छ ?**

– हाम्रा धेरै नदीहरू अन्तर्राष्ट्रिय प्रवृतिका छन् । अर्थात, एकदेशबाट अर्को देशमा फिजिएका छन । भनेपछि नदीका विषय र कामहरू अन्तर्राष्ट्रिय नियमअनुसार हुने गर्छन् । कोशी ब्यारेजमा नेपाल र भारतको ज्वाइट कमिटी छ । जसमा दुवै देशका प्राविधिकहरू हुन्छन् । कोशीका साथै पटना र काठमाडौं पनि छन् संयुक्त प्राविधिक । उनीहरूले संयुक्त रूपमा हरेक निर्णय लिन्छन् । बाढीका बेला नदीका ढोका खोल्दा दुवै पक्षले हिसाबकिताब गरेर निष्कर्षमा पुगेर निर्णय गर्छन् । उनीहरूले के गर्दा कमभन्दा कम क्षति हुन्छ भन्ने कुरा संयुक्त रूपमा निर्णय लिन्छन् । यो देशमा बढी र यो देशमा कम क्षतिभन्दा पनि समग्रमा कम क्षतितर्फ ध्यान दिइन्छ । त्यही बमोजिम उनीहरूले गरिरहेका छन् । थाहा नपाउनेहरू यो र त्यो भनिरहेका छन् । वास्तवमा त्यस्तो होइन ।

**० भनेपछि भारतले ढोका खोलेन भन्नु गलत हो ?**

– हो । यो अफवाह हो । ढोका खोल्ने नखोल्ने कुरा संयुक्त पक्षले निर्णय लिन्छन् । एकअर्काप्रति घृणा उत्पन्न गराउन भारतमाथि आरोप लगाइएको हो । *(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# तराई-मधेशमा बाढीको कहर र सेनाद्वारा उद्धार तथा राहत



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाढी प्रभावित स्थानतर्फ खाद्य सामग्री तथा अन्य राहतका सामग्री हेलिकप्टरमा लोड गरी पठाउँदै।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर ब्यारेकबाट बाढी प्रभावित स्थानतर्फ खाद्य सामग्री तथा अन्य राहतका सामग्रीहरु गाडीमा लोड गरी पठाउँदै।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर ब्यारेकबाट बाढी प्रभावित स्थानतर्फ खाद्य सामग्री तथा अन्य राहतका सामग्रीहरु गाडीमा लोड गरी पठाउँदै।



बाढीमा फसेका बृद्धलाई उद्धार गरी सुरक्षित स्थानतर्फ लैजाँदै सुरक्षाकर्मी ।



बाढीबाट घर भित्र परेका बालुवा तथा हिलो हटाई बस्न योग्य बनाउँदै नेपाली सेना ।



बाढीबाट प्रभावित स्थानीयहरुलाई स्वास्थ्य सेवा प्रदान गर्दै नेपाली सेना ।



बाढीबाट प्रभावित स्थानीयहरुलाई स्वास्थ्य सेवा प्रदान गर्दै नेपाली सेना ।



बाढीबाट बच्न सुरक्षित स्थानमा वास बसेका सर्वसाधारण ।



बाढीमा डुबानमा परेका सामानहरू ओसार पसार गर्दै वृद्धा ।



वर्षाका कारण आएको बाढीमा डुबेका घरवार ।



पसलहरूमा पसेका बाढी ।



डुबानमा परेका सर्वसाधारणहरूलाई सुरक्षित स्थानतर्फ लैजाँदै ।

# बाढी पहिरोपीडितहरूको उद्धारमा ११ हजार चार सय सैनिक परिचालित

काठमाडौं । लगातारको अविरल वर्षाको कारण देशको विभिन्न भागमा आएको बाढी तथा पहिरोबाट भएको जनधनको क्षति न्यूनीकरण एवं उद्धार तथा राहतका लागि स्थानीय प्रशासनसँगको समन्वयमा भईरहेको कार्यमा नेपाली सेनाका उद्धार टोली तथा हेलिकप्टरहरू निरन्तर रूपमा खटिई उद्धार तथा राहत कार्यमा जुटिरहेका छन् ।

उद्धार तथा राहतको अतिरिक्त नेपाली सेनाबाट खटिएका टोलीले अवरूद्ध सडक खुलाउने, अवरूद्ध ढल खुलाई पानीको निकास दिने, हिलो तथा अन्य अवरोध पन्छाई एयरपोर्ट सञ्चालन गर्न मद्दत गर्ने कार्य गर्नुको साथै बाढी तथा पहिरोमा हराई रहेका व्यक्तिहरूको खोजी कार्य समेत तदारूकताका साथ गरी रहेका छन् । उल्लेखित कार्यहरूका लागि नेपाली सेनाबाट करिव ११,४०० जना सैनिकहरू परिचालित भएको जनसम्पर्क सूचना निर्देशनालयले जनाएको छ ।

बाढी पहिरोको कारण भएको प्राकृतिक विपद्मा उद्धार तथा राहत कार्यलाई समन्वय गरी अरू प्रभावकारी बनाउन विशेष फौज बाहिनीका बाहिनीपति सहायक रथी बाबु कृष्ण कार्कीको संयोजकत्वमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचर ब्यारेकमा **'प्राकृतिक विपद् उद्धार तथा राहत समन्वय केन्द्र'** खडा गरी कार्य सञ्चालन भई रहेको छ ।

उक्त टोलीले ड्राई रासन, टाट पोलिन, पाल जस्ता अत्यावश्यक सामानलाई प्राथमिकताका साथ अत्यन्त बाढीग्रस्त ईलाकामा गाडी तथा हवाई साधनबाट ढुवानी तथा वितरण गरी रहेको छ ।

सोही क्रममा आज मिति २०७४ श्रावण ३१ गते बिहान पाल लगायत अन्य खाद्य सामग्री सहित नेपाली सेनाको ३ वटा ट्रक महोत्तरीको बर्दिबासतर्फ प्रस्थान गरेको थियो । उक्त सामाग्रीहरू गाडीबाट लैजान सक्ने स्थानसम्म गाडीबाट पुऱ्याउने र गाडीबाट बाढी पीडित समक्ष पुऱ्याउन नसकिने स्थानमा हेलिकप्टर तथा अन्य उपयुक्त साधन मार्फत बढी प्रभावित ईलाकामा पठाईने योजना रहेको छ ।

उक्त केन्द्रको समन्वयमा नेपाली सेनाको हेलिकप्टरबाट आजै टाट पोलिन २५५० केजी तथा २९१५ केजी खाद्य सामाग्री राहतको लागि रौतहट तर्फ पठाईएको छ ।

राहत तथा उद्धारकै सिलसिलामा सुनसरी जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले जिल्लाको जाल्पापुर र गैरिगाउ ईलाकामा डुवानमा परेका करिव ४० घरको अत्यावश्यक सामानहरू सुरक्षित स्थानमा सार्ने कार्य गरेको । सोही जिल्लाको बुढीखोलास्थित राम मन्दिरमा बाढीबाट पसेको माटो, बालुवा हटाई डुवानबाट पीडितहरूलाई बस्ने स्थान बनाएको छ । साथै, मोरङ जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले विराटनगर विमानस्थलको धावनमार्गमा थुप्रिएको हिलोमाटो हटाई धावन मार्ग खोल्ने कार्य गरिरहेको

छ । सोही जिल्लाको लोहान्द्राघाटमा बाढीले क्षति पुऱ्याएको बोटो मरामत गरेको छ ।

रौतहट जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले जिल्लाको राजदेवी ईलाकामा करिव १००० जना र गंगापिपरा ईलाकामा १०० जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुको साथै, राजदेवी ईलाकाका नौ घरधुरीका ८८ जनालाई विभिन्न राहत सामाग्री वितरण गरेको छ । साथै, उक्त टोलीमा रहेका डा. अधिकृत सहितको टोलीले स्थानीय ४२ जनाको उपचार समेत गरेको थियो । त्यसैगरी धनुषा जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले महेन्द्र राजमार्ग अन्तर्गत धनुषा र महोत्तरी जिल्लाको सिमानामा पर्ने रातु खोलाले कटान गरेको पुल नजिकको स्थानमा तटबन्ध निर्माण कार्य गरेको छ ।

सर्लाही जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले बाढीबाट प्रभावित स्थानीय वासिन्दाहरूको खाद्यान्न सुरक्षित स्थानमा सार्नुको साथै सोही जिल्लाको मलंगवा इलाकामा काठमाण्डौबाट नेपाली सेनाको हेलिकप्टरद्वारा पठाईएको १९०० केजी खाद्यान्न तथा ७२ वटा पाल वितरण गरेको छ । मकवानपुर जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले जिल्लाको कमाने ईलाकाको खहरे खोलाले कटान गरी जोखिममा रहेका घरहरू जोगाउन उक्त खोलामा जाली तथा तटबन्ध निर्माण गर्ने कार्य गरेको छ ।

नवलपरासी जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले जिल्लाको रामपुर खडावाला ईलाकामा ४ वटा गाँउका करिव ५०० परिवारलाई खाद्यान्न तथा लत्ताकपडा वितरण गर्नुको साथै, सोही जिल्लाको रानीनगर ईलाकाका डुवानबाट प्रभावित १२ घरबाट मानिस तथा खाद्यान्न सामाग्रीहरू सुरक्षित स्थानमा सारेको छ भने सोही जिल्लाको दाउन्ने बर्दघाट ईलाकामा गएको पहिरो हटाउने कार्य समेत गरेको छ ।

बाँके जिल्लाको गंगापुर तथा फत्तेपुर ईलाकामा नेपाली सेनाको MI 17 हलिकप्टरबाट खाद्य सामाग्री तथा आवश्यक औषधि सहित डा.अधिकृतको टोली पुऱ्याएको छ भने बर्दिया जिल्लाको गुलरिया न.पा. ईलाकामा नेपाली सेनाकै हेलिकप्टरद्वारा अक्सिजनका सिलिन्डरहरू पुऱ्याइएको छ ।

उद्धार तथा राहतकै सिलसिलामा माथी उल्लेखित जिल्लाहरूको अलावा सप्तरी, चितवन, पर्सा, सिन्धुली, पाल्पा, दाङ, रूपन्देही, कैलाली लगायतका जिल्लाहरूमा उद्धारका सामग्रीहरू सहितको नेपाली सेनाका उद्धार टोलीहरू स्थानीय प्रशासनसँगको सममन्वयमा उद्धार तथा राहत कार्यमा तदारूकताका साथ जुटी रहेका छन् ।

### उद्धार तथा राहत

मिति २०७४ श्रावण २७ गतेको मध्य रातदेखि परेको अविरल वर्षाको कारण देशको विभिन्न भागमा आएको बाढी तथा पहिरो पश्चात स्थानीय प्रशासनसँगको समन्वयमा हेलिकप्टर सहित खटिरहेको नेपाली सेनाको टोलीले उद्धार तथा राहतको क्रममा गौर न.पा., वेलविछुवा र बसन्तपुर ईलाकामा जम्मा २३० घरधुरीलाई २२ बोरा ड्राई रासन वितरण गरेको छ । त्यसैगरी, उद्धार तथा राहत वितरणकै क्रममा नेपाली सेनाको हेलिकप्टर तथा २.५ ट्रक मार्फत सप्तरी जिल्लाको कुशाहा, कोइलाढी, तिलाठी, रामपुरमलनिया र शखरापुर ईलाकामा खाद्यान्न ढुवानी गरी ४६४६ परिवारलाई वितरण गरेको छ । आजै नेपाली सेनाको MI 17 हेलिकप्टरले जनकपुरबाट राहत सामाग्री सर्लाही तथा सप्तरी जिल्लामा पुऱ्याएको छ ।

राहत वितरणको अतिरिक्त सुनसरी जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले जिल्लाको कृष्ण प्रणामी मन्दिरमा आश्राय लिई बसेका पुरूष, महिला तथा बालबालिका गरि २०० जनालाई स्वास्थ्य उपचार तथा नि:शुल्क औषधि वितरण गरेको छ । त्यसैगरी स्थानीय युनिटले रौतहट जिल्लाको गरूडा न.पा. सिसवा र बरियारपुर ईलाकामा घाईते तथा बिरामी ९० जनाको उपचार गरेको छ ।

उपचारको साथसाथै नेपाली सेनाबाट खटिएका उद्धार टोलीले जिर्ण घरमा पुरिएका सामानहरू बाहिर निकाल्ने तथा घर भित्र रहेका बालुवा तथा हिलो हटाई बस्न योग्य बनाउने, अवरूद्ध सडकका खाल्डा खुल्डी पुरी सडक सुचारू गराउने, जलकुम्भी हटाई पानीको निकास दिने, हिलो तथा अन्य अवरोध पन्छाई एयरपोर्ट सञ्चालन गर्न मद्दत गर्ने कार्य गर्नुको साथै बाढी तथा पहिरोमा हराई रहेका व्यक्तिहरूको खोजी कार्य समेत तदारूकताका साथ गरी रहेका छन् ।

सोही क्रममा मोरङ जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले विराटनगर विमानस्थलको धावनमार्गमा थुप्रिएको हिलोमाटो हटाई धावन मार्ग सञ्चालनमा ल्याउन सहयोग गर्नुको साथै, जिल्लाको सुन्दरहरैंचास्थित लक्ष्मीनारायण मन्दिर इलाकमा बेपत्ता भएका ३ जना बृद्धा तथा सोही जिल्लाको बुढिखोला र गछिया खोलाको दोभानमा शवहरू पुरिएको आशंकामा खोज तलास गरि रहेको छ । स्थानीय युनिटले सिराह जिल्लाको बासकडियास्थित कमलानदीको ३०० मिटर तटबन्ध भत्किएर बस्ती तर्फ आउने त्रास बढेकोले उक्त स्थानमा अस्थायी तटबन्ध निर्माण कार्य गरी रहेको छ । सप्तरी जिल्लामा तैनाथ युनिटबाट खटिएको टोलीले जिल्लाको राजविराज न.पा. शिवनाथ ईलाकामा खाँडो खोलाले भत्काएको राजविराज-कञ्चनपुर सडक खण्डमा बालुवा भरी सडक मरामत गरेको छ । स्थानीय युनिटले उदयपुर जिल्लामा बाविया खोलाले कटान गरेको १५० मिटर बाँध निर्माण कार्य गर्नुको साथै, माहुली खोलाले भत्काएको १०० मिटर बाँध निर्माण गरेको छ ।

धनुषा जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले महेन्द्र राजमार्ग अन्तर्गत रातु खोलाले कटान गरेको स्थानमा तटबन्ध निर्माण कार्य गरेको छ भने महोत्तरी जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले जिल्लाको पिपरा ईलाकामा रवर बोटको सहयाताले १४७ जनालाई उद्धार गरेको छ ।

बाँके जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले जिल्लाको बैजापुर ईलाकामा डुवानमा परेका ७० घरबाट महत्वपूर्ण सामानहरू निकाल्ने कार्यमा सहयोग गर्नुको साथै, बाढीबाट क्षतिग्रस्त कुसुम गावर पुल निर्माणमा सहयोग र परूवा पुलमा गिट्टी/बालुवा भर्न सहयोग गरेको छ । स्थानीय युनिटले बर्दिया जिल्लामा बाढीका कारण क्षतिग्रस्त नेपालगञ्ज गुलरिया सडक खण्ड मरामत गर्नुको साथै, डुवानबाट जिर्ण अवस्थामा रहेका ७० घरबाट समान निकाल्ने कार्यमा सहयोग गरेको छ ।

उद्धार तथा राहतकै सिलसिलामा माथी उल्लेखित जिल्लाहरूको अलावा पाँचथर, चितवन, पर्सा, सिन्धुली, पाल्पा, दाङ, रूपन्देही, कैलाली लगायतका जिल्लाहरूमा नेपाली सेनाका उद्धार टोलीहरू स्थानीय प्रशासनसँगको समन्वयमा उद्धार तथा राहत वितरण कार्यमा तदारूकताका साथ जुटी रहेका छन् ।

# मधेशीले मात्रै ईमान्दारिताको परीक्षा दिनपर्ने ?



राकेश प्रसाद चौधरी

राज्यको नियता अथवा बदनियता जे जस्तो भएपनि तराई मधेशमा घर भएकाहरूले राज्यको उच्च ओहदासम्म पहुँच बनाइसकेका छन् । त्यसमध्ये पक्कै पनि मधेशीभन्दा अन्य मूलका मानिसहरूको संख्या बढी छ । तराई मधेशमा बसोबास गर्ने अन्य मूलका मानिसहरूले आफ्नो जन्मथलो, पुर्ख्यौली वा पहिलाको घर भनेर पहाड देखाउने चलन नहराईसकेकोले अहिलेसम्म तराई मधेशका रैथानेलाई नै मधेशी हुन् । अरूले जस्तोसुकै मधेशीपना झल्काउन खोजेपनि त्यो नक्कल मात्र हुनेछ ।

तराईमधेश अहिले बाढीले अकान्त भइरहेको बेला सत्ता केन्द्रित संचारमाध्यमहरूले राहत पुगिसकेको र बाँडिन थालिएको भ्रामक खबरहरू दिन चुकेका छैनन । त्यही स्थानीय संचारमाध्यमसँग रिपोटिङ्गको खर्च धान्न सक्ने हैसियत थोरै भएकोले जसोतसो त्यही नेपाली भाष्य सामग्री स्थानीय भाषामा रूपान्तरण गर्दै प्रस्तुत गर्न थालेका छन् । त्यही भएर बाढीपीडित काठमाण्डौभन्दा स्थानीय संचारमाध्यममाथि बढी असन्तुष्ट देखिइएका छन् । तराई मधेशमा कार्यरत अधिकांश संचारकर्मी, नेता, कर्मचारी अथवा पेशाकर्मी सबै एकस्वरे भई पीडितलाई राहत नदिएपनि कसैले कहीबाट कुनै किसिमको बिरोध नगर्ने मनस्थिती बनाएको देखिन्छ । राहत सामग्री स्थानीय तह निर्वाचनको बेला सत्ताले बाड्ने मनस्थिती बनाएको देखिन्छ ।

बाढीपीडित भएपनि राहतको लागि आबाज अठाए राष्ट्रियताविहीन भएको आरोप लाग्ने डरले समेत कयौं मानिस पीडितको वकालत गर्नबाट डराइरहेका छन् । यता पीडित मधेशीहरूले इमान्दारिताको परीक्षाको तयारीका लागि मौन बसेर अग्रगामी निकासबारे सोचिरहेका छन् । तराई मधेशको जनजीवन बाढीले अस्तव्यस्त बनाएको बेला धेरैलाई प्रदेश र संघको चुनावको मिति तोक्न हतार छ भने कैयौं अनसनका योद्धाहरू दक्षिणतिर औंला देखाएर जुसमा स्नान गरिरहेका छन् ।

उच्च पदमा पुगेका मधेशीहरूलाई सधैं आफू मधेशी नभएको वा आफूभित्र मधेशपना नभएको परीक्षा दिनुपरेको देखिन्छ । उच्च पदमा बसेका मधेशीले बाढीपीडितले सहयोग पाउनुपर्छ अथवा बाढीको अवधिमा राज्यलाई तिनुपर्ने कर तिर्न नसकेर लागेको ब्याज मिनहाको लागि बोल्न डराउँछन् । ती व्यक्तिहरूले यस्ता सुझाव दिए राष्ट्रियताविहीनको प्रमाणपत्र बाँड्ने संचारमाध्यम वा सत्ताका मासिनहरू दिउँसोदेखि रातीसम्म सुगा रटाई वाचन गर्न पछि परेका हुँदैनन् ।

तराई मधेशका बाढीपीडितलाई राहत दिने ठेक्का केही बिद्धानहरूले अहिले मधेशी नेताहरूको टाउँकोमा राखिदिएका छन् । बिभिन्न कार्टुन, लेख र भजन किर्तनले अहिले मधेशी नेताहरूबिरूद्ध सत्तोसराप गर्न झुण्ड नै लागिपरेका छन् । ती झुण्डलाई आफू असल राष्ट्रियता भएको मानिस हुनको लागि मधेशी जनता, मधेशी नेता र त्यसकै सेरोफेरोमा भारतलाई गाली गर्ने अबसर मिलेको छ । यस्तो अबसर फेरी कुनै आपतबिपत आए मात्रै पाइने कुरा ती झुण्डहरूलाई थाहा नभएको होइन ।

> वर्षा र बाढीको कारण मृतकको दाहसंस्कार गर्नुको साटो पानीमा बगाउने, माटोमा गाँड्नेसम्मको अबस्था देखिएको छ । सप्तरीमा एक बालकको लासलाई जलप्रवाह गरियो भने जलेश्वरमा एक बृद्धको माटोमा गाँड्ने काम भयो । त्यस्तै बाढीको कारण कतै सुख्खा ठाउँ नपाएपछि परिकौलीमा एक बृद्धलाई घरछेउमै दागबत्ती दिइयो । पक्कै पनि यो पहिलो घटना होइन । अघिल्ला बाढीहरूमा पनि यस्ता घटनाहरू भएकै हुन् ।

बर्षा र बाढीको कारण मृतकको दाहसंस्कार गर्नुको साटो पानीमा बगाउने, माटोमा गाँड्नेसम्मको अबस्था देखिएको छ । सप्तरीमा एक बालकको लासलाई जलप्रवाह गरियो भने जलेश्वरमा एक बृद्धको माटोमा गाँड्ने काम भयो । त्यस्तै बाढीको कारण कतै सुख्खा ठाउँ नपाएपछि परिकौलीमा एक बृद्धलाई घरछेउमै दागबत्ती दिइयो । पक्कै पनि यो पहिलो घटना होइन । अघिल्ला बाढीहरूमा पनि यस्ता घटनाहरू भएकै हुन् । मानवको जीवन समाप्त भएपछि उसको धर्म संस्कृति अनुसार अन्तिम संस्कार हुन पाउने मानवअधिकारको क्षेत्रभित्र पर्दछ ।

जलेश्वरस्थित समसानघाटमा मलामीहरूका लागि बनाइएका घरपनि २०४० सालपछि हराएको छ । अहिलेसम्म नगरपालिका वा अन्य निकायले समसानघाटमा मलामीहरूका लागि कुरूवास्थल हुनुपर्ने बिषय उठान गरेको छैन । जीवितका लागि बिपत्त्को बेला हरेक टोलमा एउटा अग्लो स्थानको सामुदायिक भवन आवश्यक छ । त्यसरी नै मृतकको दाहसंस्कारका लागि हरेक टोलमा अग्लो समसानघाट र कुरूवा भवन आवश्यक छ । जस्तोसुकै बर्षा र बाढीको बेलामा पनि मृतकको अन्तिम संस्कार हुनपाउने अधिकार सुनिश्चित गर्न आवाज उठाउनु आवश्यक छ । यो आवाज उठानमा पक्कै पनि मधेशका बौद्धिक समाज पछाडि छन् । यो आजाव उठाए पक्कै पनि राष्ट्रियताविहीन आरोप नलाग्ला भन्न सकिन्छ ।

त्यही झुण्डहरूको कोपबाट बच्न मधेशीहरूले असल राष्ट्रियताको लागि परीक्षा दिने तयारी गर्छन् र हरेक दिन परीक्षा दिईरहेका हुन्छन् । 'आफ्नो सामानको सुरक्षा आफैं गर्नुहोस्' यो वाक्यसंग मधेशका धेरै मासिन जानकार छन् । थोत्रेबस भएपनि भाडा असुल्न कन्डक्टर छुटाउँदैनन । बसभित्र जस्तोसुकै भीड भएपनि भाडा असुल्ने कन्डक्टर छिर्ने गरेका हुन्छन् । त्यही उदाहरण तराई मधेशका यत्रतत्र देखिन्छ । तराई मधेशमा भएका आन्दोलनका कारण कैयौं मधेशीले राज्यलाई ब्याजसहितको कर तिर्न बाध्य भए, मधेशी राजनीतिक दलले आबाज उठाएपनि सत्तापक्षले ब्याज माफीबारे सुन्न पनि चाहेन । अहिले पनि अबस्था आन्दोलनकै छ । जहाँ द्वन्द्व हुन्छ, त्यहाँ आन्दोलन हुनु स्वभाविक मानिन्छ । मैले पढेको बिषयमा प्राकृतिक प्रकोपले निम्त्याएको बाढी पनि एक किसिमको द्वन्द्व हो । चुरे फाँडेर घर बसाउने, नदीदोहन गर्ने, बेच्ने र त्यसमा सघाउनेहरू असल राष्ट्रियताका मानिस हुन् । यस कार्यको बिरोध गर्नेहरूलाई राष्ट्रियताविहीन भएको आरोप लगाउने झुण्ड यत्रतत्र भेटिन्छन् । शासक र त्यसको गलत नीतिको बिरोध इमान्दारिता पूर्वक गर्नुको साटो उच्च ओहदामा पुगेकाहरूले मधेशबिरोधी भएको प्रमाणपत्र पेश गर्नुपर्नेमै आफ्नो जीवन खर्चिएका छन् ।

तराई मधेशलाई समृद्ध बनाउन भाषण गर्नेहरूले मधेशबिरोधी भएको प्रमाणपत्र बोक्नु उचित छैन् । पहिलो चुरेदोहन गर्ने छुट दिएर बाढी नियन्त्रण हुँदैन, दोस्रो तराई मधेशका जिल्लाहरूको शिक्षा, स्वास्थ्य र साक्षरता, मानवीय बिकास सुचांक उच्च बनाउने कार्यक्रम बनाउने दाबी गर्नेहरूले धेरै नभई ७० बर्षको तथ्याङ्क अध्ययन गर्दा धेरै कुरा प्रष्ट हुन्छ । मधेशीको मात्रै ईमान्दारिताको परीक्षा लिइएकै कारण सातदशकसम्म हरेक कुरामा अगाडि रहेको तराई मधेश पछाडि परेको हो अथवा अन्य कारणहरू पनि छन्, अनुसन्धान गर्नुपर्ने आवश्यकता छ ।

## दीर्घकालीन योजना बनाउन राष्ट्रपतिको ध्यानाकर्षण



राष्ट्रपति विद्यादेवी भण्डारी

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले प्राकृतिक विपदाको सामना गर्न दीर्घकालीन योजना बनाउन प्रधानमन्त्री शेरबहादुर देउवालाई ध्यानाकर्षण गराएकी छन् । बुधबार राष्ट्रपति कार्यालय शितल निवासमा राष्ट्रपति भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवाबीच भएको भेटवार्तामा राष्ट्रपतिले यस्तो ध्यानाकर्षण गराएकी हुन् । राष्ट्रपति भण्डारीले बाढीपहिरो पीडितको तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउन र प्राकृतिक विपत्तिको सामना गर्नका लागि दिर्घकालीन योजना बनाउन ध्यानाकर्षण गराइन् । 'सरकारी निकायका साथै सामाजिक संघ संस्था एवम् निजीक्षेत्र समेतलाई यथोचित रूपमा परिचालन गरी विपतको अवस्थाबाट सर्वसाधारण जनतालाई तत्काल उद्धार एवम् राहतका लागि आग्रह गर्नुभयो ।' राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । साथै मुलुकको संवेदनशील भौगोलिक अवस्थितिका कारण नदी प्रणालीलाई व्यवस्थित गरी प्राकृतिक प्रकोपको निराकरण गर्न सरकारले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाउनु पर्ने तर्फ ध्यानाकर्षण गराएको राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिमा उल्लेख छ ।

## राष्ट्रिय आपत्काल घोषणा गर्न माग

काठमाडौं । अबिरल वर्षाले मधेशमा आएको बाढीले सयौं व्यक्तिले ज्यान गुमाइसकेको, अर्बौंको जनधनको क्षतिले गर्दा मधेशमा वासोवास गर्ने सम्पूर्ण जनताको जनजीवन आक्रान्त बनेको छ । मधेशी युथ थिंक ट्याङ्कका अध्यक्ष डा. विनय पञ्जियारले देशको आधाभन्दा बढी जनसंख्या बसोबास गर्ने भूमिमा राष्ट्रिय आपतकाल घोषणा गर्न माग गरेका छन् । मधेशको सम्पूर्ण भूभाग जलमग्न छ । जनताहरूले हप्तौदेखि केहि खान पाएका छैन, घरवार बिहीन भएका छन् । यस्तो अवस्थामा कुनै पनि हालतमा चुनाव गर्न नमिल्ने भन्दै थिंक टैंकले प्रेस बिज्ञाप्ति जारी गर्दै सो कुरा उल्लेख गरेका छन् । डा. पंजियारले यस्तो जलमग्न अवस्थामा जहाँ व्यक्ति शारिरिक र मानसिक रूपमा तनावमा छन् र सरकारद्वारा हुनसक्ने क्षतिपूर्ति र राहतको लागि पर्खेर बसेका छन्, त्यस्तो अवस्थामा मधेशमा कुनै पनि हालतमा चुनाव गराउन नमिल्ने उनले बताएका छन् । चाँडै यो माग राखेर निर्वाचन आयोग र नेपाल सरकारलाई ज्ञापन पत्र दिने कुरा मधेशी यूथ थिंक टैंकका महासचिब डा. खगेन्द्र झाले जानकारी दिएका छन् ।

## राहत वितरण




सप्तरीका बाढीपीडितलाई राहत वितरण गर्दै सञ्चारकर्मी अनन्त अनुराग ।



समाजसेवी गोविन्दा साहले आफ्नो व्यक्तिगत लगानीमा काठमाडौंबाट १० जना चिकित्सकहरूलाई लिएर रौतहट र सर्लाही जिल्लामा स्वास्थ्य परीक्षण शिविरका साथै राहत वितरण गर्दै । समाजसेवी साहले स्वास्थ्य परीक्षणका साथै औषधी, खाद्यान्न, लत्ताकपडा पनि दिने गरेको जानकारी दिए ।

## मधेश अपडेट

### गर्भवती बोकेको गाडी डुब्दा ६ को मृत्यु



बाढीले गर्भवती बोकेको गाडी बगाउँदा मृत्युकाहरू ।

रौतहट । रौतहटमा बाढीको कहरले एक गर्भवती महिलासहित ६ जनाको ज्यान लिएको छ । प्रसुतीका लागि लौकाहाबाट राजपुर अस्पतालमा जाँदै गरेको जीप बाढीले बगाएको हो । गर्भवती बोकेको जीप डुब्दा गर्भवती महिलासहित ६ जनाको मृत्यु भएको प्रहरी उपरिक्षक यज्ञ विनोद पोखरेलले बताए । मृत्यु हुनेमा चार पुरूष र दुई महिला छन् । जीपका चालक र अर्का एक व्यक्तिले भने ज्यान बचाउन सफल भएका छन् । जिल्लाको ८० प्रतिशत भूभाग बाढीको पानीबाट जलमग्न भएको छ । लगातार भैरहेको वर्षासँगै आएको बाढीले दर्जनौं गाउँ तथा सयौं घर डुबानमा परेका छन् ।

### प्रधानमन्त्रीद्वारा हवाई निरीक्षण

धनगढी । प्रधानमन्त्री शेरबहादुर देउवाले कैलालीको बाढी प्रभावित क्षेत्रको हवाई निरीक्षण गरेका छन् । त्यसक्रममा टिकापुरको पुरानो एयरपोर्टमा ओर्लिएर उनले राहत सामाग्री पनि हस्तान्तरण गरेका छन् । झण्डै १० मिनेट बिताएका प्रधानमन्त्री देउवाले राहतको कुनै कमी हुन नदिने बताएका छन् । उनले भने, 'खाद्यान्न लत्ता कपडा र पालहरू व्यवस्था गरेका छौं । राहतको कुनै कमी छैन, कसैले भोक्कै रहनु पर्ने छैन ।' उनले बाढीबाट विस्थापित भएकाहरूलाई त्रिपाल हालेर बस्ने ठाउँ दिइने बताएका छन् । उनले बाढी पीडितको राहत र उद्धारमा सक्रिय सबैलाई धन्यवाद समेत दिएका छन् ।

### सबै मिलेर उद्धारमा लाग्नुपर्छ : प्रचण्ड

धनुषा । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले २ नं प्रदेशमा बाढीका कारण निकै नै क्षति भएकाले सबै दलले संकल्प लिई राहत र उद्धारमा जुट्न आह्वान गरेका छन् । बिहीबार धनुषाको मिथिलेश्वर मौवाहीमा शहीद चन्देश्वर मण्डलको स्मृति दिवसका अवसरमा शालिक अनावरण कार्यक्रममा सहभागी हुन आएका पूर्व प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले जनकपुर विमानस्थलमा संक्षिप्त कुराकानी गर्दै यस्तो समयमा कुनै पनि दलले प्रतिपक्षीको भूमिका निर्वाह नगरी सबै मिलेर बाढीपीडितको उद्धारमा लाग्नुपर्नेमा जोड दिए । बुधबार बसेको सर्वदलीय बैठकमा पनि आफूले उनीहरूको राहत, उद्धार तथा पुनःस्थापनाका लागि कार्य गर्न आग्रह गरेको जानकारी गराउँदै प्रचण्डले पहाडका जनता पनि सहयोग गर्न आतुर रहेको बताए ।

### एक पदाधिकारी एक हजार अनिवार्य

चन्द्रकान्त खनाल, रूपन्देही । अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा आएको बाढी पहिरो र ढुबानका कारण मानवीय, भौतिक नोक्सानी भई कठिन अवस्थामा रहेकालाई नेपाली नेपाली कांग्रेस रूपन्देहीले सहयोग गर्ने भएको छ । कांग्रेस रूपन्देहीले जिल्लाका पदाधिकारी लगायत क्रियाशील सदस्यहरूबाट रकम उठाई रूपन्देही लगायत प्रभावित जिल्लामा राहत वितरण गर्ने भएको हो । कांग्रेस रूपन्देहीका सभापति एवं सांसद् अब्दुल रज्जाकको सभापतित्वमा सोमबार भैरहवामा बसेको जिल्ला कार्यसमितिको बैठकले राहतका लागि जिल्लामा रहेका महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य, जिल्ला कार्यसमिति, क्षेत्रीय पदाधिकारी, नगर पदाधिकारीबाट न्यूनतम् अनिवार्य १ हजार र सबै क्रियाशील न्यूनतम् अनिवार्य १ सय रूपैयाँ उठाउने निर्णय गरेको सचिव रामकृष्ण खाँणले जानकारी दिए । उक्त निर्णयबारे कांग्रेसले क्षेत्रीय समितिलाई पत्राचार गर्दै तत्काल आफ्नो क्षेत्रमा रहेका महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, क्षेत्रीय पदाधिकारी, नगरपदाधिकारी र क्रियाशील यथासक्य छिटो रकम उठाउन निर्देशन समेत दिएको छ ।

### जनकपुर नगर क्षेत्र पूरै डुबानमा

धिरेश दत्त, जनकपुरधाम । अविरल वर्षाका कारण जनकपुर नगर क्षेत्र पूरै डुवानमा परेको छ । लगातार परिरहेको अविरल बर्षाले जनकपुरको भानुचौक, कदमचौक, मालपोत कार्यालय, मूर्लीचौक, मिल्स एरिया, जानकी मन्दिर जानेबाटो, देवीचौक ,अस्पताल क्षेत्र, रामानन्द चौक लगायतका स्थानहरू पूरै जलमग्न भएको छ । त्यस्तै रामानन्द चौकमा केहि यूवाहरूले डुङ्गा चढी बाढिका मज्जा लिएका छन् र उपमहानगरपालिकाको खिल्ली समेत उडाएका छन् । एशियन विकास बैंकको सहयोगमा सञ्चालित एकीकृत सहरी विकास आयोजना अन्तर्गत ढल तथा सडक निर्माणका क्रममा सडक त्यस्तै खनेर छाडेकाले र समयमै नपुरिएकाले मिल्स एरिया-भानुचौक सडक करिब तीन हप्तादेखि अवरूद्ध भएको छ । जसका कारण सर्वसधारणहरूलाई आवत जावत गर्न समस्या भएको छ । त्यस्तै,ढलको निकास नहुँदा जनकपुरको मुसलमान बस्ती, किसोरीनगर, आनन्दनगर, शान्तिनगर, हवाईअड्डा तथा जिल्ला प्रहरी कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय लगायतका क्षेत्रहरू पनि डुबानमा परेको छ ।

### बाढी र कटानका कारण अवरूद्ध

नेपालगन्ज । बाँकेको राप्ती नदि, मान खोला, डुडुवा खोला र किरणनालामा आएको बाढीले सयौं घर डुवानमा परेका छन् भने कयौंको विचल्ली भएको छ । शुक्रबारदेखिदेखिको वर्षाका कारण बाढी आएपनि विस्तारै घटदैछ । राप्ती नदीमा पानीको सतह ५ दशमलव ४० मिटर पुगेपछि खतरा मानिन्छ । हिजो विहान पानीको सतह बढेर ८ मिटर पुगेपछि आसपासका दर्जनौं गाउँ डुबानमा परेका हुन् । राप्तीमा पानीको सतह अहिले ४ मिटरमा रहेको छ । राप्तीमा बाढी आएपछि राप्ती सोनारीका वैजापुर, विनौना, फत्तेहपुर, मटेहिया, गंगापुर, होलियया लगायतका गाउ डुवानमा छन् । डुडुवा खोलाको सतह बढेपछि डुडुवा गाउँपालिकाका खालेमसहा, लालापुर लगायत गाउँ डुवानमा छन् ।

### कांग्रेस पर्साको राहत संकलन अभियान

वीरगंज । नेपाली कांग्रेस पर्साले बाढी तथा डुबानबाट प्रभावितहरूका लागि राहत संकलन अभियान शुरू गरेको छ । वीरगंजको घण्टाघरमा टेन्ट राखेर राहत संकलन गरिएको छ । राहत संकलन कार्यक्रममा स्वस्फुर्त रूपमा वीरगंजका उद्योगी व्यवसायिहरूले आर्थिक, खाद्य तथा भाडा वर्तन, कपडा लगायतका जिन्सी सामग्रीहरू उपलब्ध गराएको नेपाली कांग्रेस पर्साको कोषाध्यक्ष इम्तियाज आलमले बताए । यसैबिच नेपाली कांग्रेसको आकस्मिक बैठकले बाढी तथा डुबान पिडितहरूका लागि राहत संकलन गर्न कोषाध्यक्ष इम्तियाज आलमको संयोजकत्वमा एक समिति समेत गठन गरेको थियो । समितिले हाल सम्म २ लाख रूपैया राहत संकलन गरेको संयोजक आलमले जानकारी दिए ।

### बस दुर्घटनामा बालिकाको मृत्यु

मोरङ । यात्रुवाहक बस मंगलबार बिहान दुर्घटना हुँदा एक बालिकाको मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत मोरङको पथरीशनिश्चरे-१० मा बिहान ८ बजे पूर्वबाट पश्चिम जाँदै गरेको मे ३ प ६७५५ नंको मोटरसाइकललाई जोगाउने क्रममा विपरीत दिशाबाट आउँदै गरेको को १ ख २७५२ नंको बुद्ध यातायातको बस पथरीशनिश्चरे-१० जिरीखिम्तीको डाँस खोलामा पल्टिँदा उर्लाबारी-१ बस्ने नरेन्द्र श्रेष्ठकी पाँच बर्षीया छोरी नदीना श्रेष्ठको मृत्यु भएको हो ।

### एमाले-फोरम नेपाल गठबन्धन विजयी

रूपन्देही । जिल्ला समन्वय समिति रूपन्देहीमा एमाले-फोरम नेपाल गठबन्धन विजयी भएको छ । प्रमुखमा एमाले-फोरम नेपाल गठबन्धनका एकराज बिश्वकर्मा बिजयी भएका छन् भने उपप्रमुखमा पनि गठबन्धनकै पशुपति प्रसाद यादव विजयी भएका छन् । विश्वकर्मा एमालेका हुन् भने यादव फोरम नेपालका । विश्वकर्माले २७ मत प्राप्त गरे भने निकटतम प्रतिद्वन्दी काग्रेस माओवादी केन्द्र गठबन्धनका बिष्णु प्रसाद बस्यालले ५ मत प्राप्त गरेका छन् । उपप्रमुखमा फोरम नेपालका यादवले २४ मत प्राप्त गरे भने निकटतम प्रतिद्वन्दी काग्रेस माओवादी केन्द्र गठबन्धनका सदाबृक्ष तेलीले ८ मत प्राप्त गरे । बस्याल काग्रेसबाट उम्मेदवार हुन भने तेलीले माओवादी केन्द्रका उम्मेदवार थिए ।

# बाढीपीडितलाई भूकम्पपीडितसरह आवास निर्माणार्थ अनुदान दिनुपर्ने एमालेको माग

सम्माननीय प्रधानमन्त्री ज्यू,
प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार काठमाडौं
विषय : बाढी पहिरो पिडितहरूको उद्धार, राहत तथा पुनस्थापना सम्बन्धमा ।

केहि दिन अघि देशको विभिन्न भागमा आएको अविरल बर्षा, भिषण बाढी र पहिरोले सयौं नेपालीको ज्यान गएको छ, दर्जनौं वेपत्ता भएका छन् र ठूलो मात्रामा भौतिक सम्पतिको क्षति भएको छ । बाढी तथा पहिरो पिडित क्षेत्रमा उद्धार, राहत र



- बाढी पहिरो प्रभावित क्षेत्रलाई समस्याग्रस्त क्षेत्र घोषणा गर्ने ।
- बाढी पहिरो प्रभावित परिवारलाई तत्कालिक राहत स्वरूप रू एकलाख उपलब्ध गराउने ।
- बाढी पहिरोको कारणले मृत्यु भएका परिवारलाई प्रति मृतक रू पाँच लाखका दरले अनुदान सहयोग उपब्ध गराउने ।
- बाढी र पहिरोले घर क्षतिग्रस्त भएका परिवारहरूलाई भूकम्प पिडित परिवार सरह आवास निर्माणर्थ रू. तीन लाख अनुदान र रू. तीन लाख निर्व्याजी ऋण उपलब्ध गराउने ।
- बाढी पहिरो प्रभावित परिवारहरूलाई स्वरोजगार व्यवसाय संचालन गरी जिविकोपार्जन गर्न सहुलियत व्याजदरमा रू. दुई लाख ऋण उपलब्ध गराउने ।

पुनस्थापनाका कार्यक्रमहरू प्रभावकारी ढंगले संचालन गर्नु यतिबेलाको प्राथमिक महत्वको राष्ट्रिय जिम्मेवारी हो । तर सरकारले यस राष्ट्रिय जिम्मेवारीलाई गंभीरतापूर्वक लिईरहेको छैन । हाम्रो पार्टी नेकपा (एमाले) को संसदिय दल सरकारले अविलम्व निम्नानुसारका निर्णय गरोस् र बाढी तथा पहिरो प्रभावित् क्षेत्रमा प्रभावकारी रूपमा उद्धार, राहत तथा पुनस्थापनामा कार्यहरू संचालन गरोस् भनि यो ज्ञापन पत्र प्रस्तुत गर्दछ :

१. क्षतिको तथ्यपरक विवरण संकलन :
- बाढी तथा पहिरोको स्थलगत सर्वेक्षण गरी मानवीय क्षति, घरगोठ, उद्योगधन्दा, कलकारखाना, पसल, जिन्सी, नगद, पशुपंक्षी, खेताबारी, शिक्षण संस्था, स्वस्थ्य संस्था, दूरसंचार, सडक, खानेपानी, विद्युत् लगायत समग्र मानवीय तथा भौतिक क्षतिको तथ्यपरक प्रतिवेदन तयार गर्ने ।
- स्थलगत सर्वेक्षणका लागि एउटा केन्द्रिय कार्यदल र त्यसको मातहतमा जिल्ला-जिल्लाका लागि अलग-अलग कार्यदल गठन गर्ने र तालिम, स्रोत साधन सहित कार्यक्षेत्रमा खटाउने ।

२. बाढी पहिरो प्रभावित क्षेत्रलाई समस्याग्रस्त क्षेत्र घोषणा गर्ने ।

३. उद्धार तथा राहत सम्बन्धमा
- बाढी पहिरो प्रभावित परिवारलाई तत्कालिक राहत स्वरूप रू एकलाख उपलब्ध गराउने ।
- बाढी पहिरोको कारणले मृत्यु भएका परिवारलाई प्रति मृतक रू पाँच लाखका दरले अनुदान सहयोग उपब्ध गराउने ।

४. पुननिर्माण तथा पुनस्थापना सम्बन्धमा
- बाढी र पहिरोले घर क्षतिग्रस्त भएका परिवारहरूलाई भूकम्प पिडित परिवार सरह आवास निर्माणर्थ रू. तीन लाख अनुदान र रू. तीन लाख निर्व्याजी ऋण उपलब्ध गराउने ।
- बाढी पहिरो प्रभावित परिवारहरूलाई स्वरोजगार व्यवसाय संचालन गरी जिविकोपार्जन गर्न सहुलियत व्याजदरमा रू. दुई लाख ऋण उपलब्ध गराउने ।
- सडक, पुल, तटबन्ध, नहर, कुलो, खानेपानी, विद्युत्, दूरसंचार, शिक्षण संस्था, स्वस्थ्य संस्था लगायत क्षतिग्रस्त सम्पूर्ण भौतिक पूर्वाधारहरूको पुननिर्माणका लागि विशेष कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।

५. उपरोक्त बमोजिमका कार्यहरूको अनुगमन गर्न संसदीय समिति निर्माण गर्ने ।

सम्माननीय प्रधानमन्त्रीज्यू, नेकपा (एमाले) को तर्फबाट उद्धार, राहत तथा पुनस्थापनाका सम्बन्धमा निम्नानुसार गरिने व्यहोरा पनि यहाँलाई अवगत गराउँदछौं ।
- महासचिवको नेतृत्वमा केन्द्रिय उद्धार, राहत तथा पुस्थापना समिति गठन गर्ने ।
- पार्टीको तर्फबाट राहत कोष स्थापना गर्ने । स्वदेशका सबै जिल्ला तथ प्रवासबाट समेत जिन्सी तथा नगद सहयोग संकलन गरी बाढी पहिरो प्रभावित क्षेत्रका पिडित प्रभावित जनतालाई वितरण गर्ने ।
- प्रभावित जिल्लामा पार्टीका केन्द्रीय सदस्य (जिल्ला इन्चार्ज) को नेतृत्वमा प्रति जिल्ला १००० का दरले स्वम्सेवक खटाउने र ती स्वम्सेवकहरू मार्फत उद्धार तथा राहतका कार्यक्रमहरू संचालन गर्ने ।
- बाढी तथा पहिरो पिडित क्षेत्रका प्रभावित जनतामा देखा परेका स्वास्थ्य समस्या र त्यहाँ महामारी फैलन सक्ने संभावनालाई समेत दृष्टिगत गरि पार्टीको केन्द्रीय स्वास्थ्य विभागको नेतृत्वमा प्रभावित जिल्लामा औषधि उपकरणका साथ स्वास्थ्यकर्मिहरूको टोली खटाउने ।
- भुकम्पको अवधिमा जस्तै यस पटकको उद्धार तथा राहत अभियानमा पनि सामाजिक सद्भाव र राष्ट्रिय एकताको प्रवर्धन गर्न प्रोत्साहन प्रदान गर्ने । राहत संकलनका साथै उद्धार, राहत र पुनस्थापनाको कार्यमा पहाडी र हिमाली जिल्लाका पार्टी कमिटी तथा कार्यकर्ताहरूलाई समेत परिचालित गर्ने ।
- पार्टीका केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरू र संसदका पदाधिकारी तथा सदस्यहरूले एक महिनाको तलब बाढी पहिरो पिडितहरूलाई उपलब्ध गराउन राहत कोषमा जम्मा गर्ने ।

केपी शर्मा ओली
अध्यक्ष, नेकपा (एमाले)
नेता, संसदीय दल

**मिति : २०७४।०४।३२**

# बाढीपीडितका लागि २६ अर्ब विनियोजन गर्न राजपाको माग

सम्माननिय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार, काठमाण्डौ, नेपाल ।
**विषयः ज्ञापन-पत्र**
~~सम्माननिय प्रधानमन्त्रीज्यू~~ !

राजनीतिक संक्रमणकाल तथा आन्दोलन एवं संघर्षको असामान्य अवस्थाबाट लडदै आएको मधेशको जनतामाथि ठुलो प्राकृतिक बिपद समेत आई परेको छ । अनियन्त्रित रूपमा जारी चुरे क्षेत्रको दोहनको परिणामस्वरूप मधेशी जनता कहिले अनावृष्टि त कहिले अतिबृष्टिको प्रकोपबाट



**बाढीपीडितको उद्धार, बचाउ, राहत र क्षतिपुर्तिका लागि नेपाल सरकारबाट तत्काल न्यूनतम् रू. छबिस अर्ब अबिलम्ब बिनियोजित गरियोस् ।**

पिडित रहदै आएका छन् । यही श्रावण २६ गते बाट सुरू भएको अविरल वर्षाको कारण बिगत २४ वर्षमा कहिल्यै नआएको भिषण बाढीको भयावह विनास लिलाबाट मधेशको जनता आक्रान्त बनेका छन् । यो ज्ञापन पत्र तैयार पार्दासम्म १३० भन्दा बढी नेपालीले ज्यान गुमाएका छन् भने हजारौ परिवार घरवारविहिन भई विस्थापित भएका छन् । मधेशी जनताको एक मात्र बांच्ने आधार उनीहरूले गरेको खेतीपाति, पालेको पशुपंक्षी र लगाएको बालीनाली लगायतका सम्पुर्ण कृषिजन्य फसलहरू पुर्णरूपेण नष्ट भएको छ भने घरमा जोहो गरी राखेका आउदों एक वर्षको घरखर्च र भविष्यका उत्पादनहरू एक साथ पुर्णरूपमा नष्ट भएको छ । उनीहरूको आउदों २ वर्षको सबै योजनाहरू मात्र हैन, छाक टार्न चाहिने अन्नको नास भएको छ । घर, कपडा तथा घरमा रहेका खाद्यान्न समेत बाढीले बगाउंदा आम जनताको अवस्था कारूणिक एवं हृदयविदारक बनेको छ । उद्योग, व्यापार, गोदाम, कलकारखानामा पानी पसेर तैयारी सामान, कच्चा पदार्थ, खरिद गरी राखिएका मालसामानहरू सबै नष्ट भएर सम्पुर्ण आर्थिक क्रियाकलापहरू क्षण भरमैं सखाप हुन पुगेको अवस्था छ । समग्रमा भन्नु पर्दा सम्पुर्ण मधेश आर्थिक रूपले न्यूनतम १० वर्ष पछाडी पर्न गएको हाम्रो प्रारम्भिक अनुमान छ । बाटोघाटो, पुल तथा सार्वजनिक भवनहरू समेत भत्केको कारण यातायात एवं सार्वजनिक सेवा अवरूद्ध बनेको छ । बाढीग्रस्त क्षेत्रमा भोजन, शौचालय, सुत्ने स्थानको कमी र अव्यवस्था, शुद्ध खानेपानीको अभाव एवं बाढीजन्य संक्रमणको कारणले मानिसको स्वास्थ्य अवस्था जटील बन्दै गएको छ । न्यूमोनिया, हैजा, मलेरिया र कुपोषणजन्य रोगको प्रवल सम्भावना व्यक्त गरिदैंछ । यस कठीन र जटील अवस्थामा सरकार एक्लैले यी सबै समस्याहरूसंग लडने स्थिति नहुन पनि सक्छ, त्यसर्थ, सरकारले सहयोगी हातहरूको खोजी गरी राहत र पुर्ननिर्माणको कार्यमा लगाउन सक्दछ ।

यस प्राकृतिक विपत्तिको सामना गर्न तथा जनतालाई सुरक्षित बनाउन राज्य संयन्त्र प्रभावकारी हुनसकेको छैन् । उद्धार, राहत तथा बचाउ कार्य प्रभावकारी रूपमा संचालनको अभावमा भएको ब्यापक तथा अपुरणिय क्षति, के कुराको प्रमाण हो भने सरकार एक्लैले सबै आवश्यकता र चुनौतिलाई सफलताका साथ समाधान गर्न सक्दैन र बिगत तीन दिन देखिको सरकारी कार्यलाई त्यसको सूचकको रूपमा लिन सकिन्छ ।

स्थानिय पीडितहरू भन्न थालेका छन्, "भोक, रोग, जनधनको क्षति तथा बासको अभावले पीडित मधेशका जनताको दुःखमा समुचित सहयोग नगरी उदासिन रहनु लज्जास्पद एवं बिभेदको मानसिकताबाट ग्रसित सोचको परिणति हो । राज्य यस्तो नस्लवादी चिन्तनबाट माथि उठनै पर्दछ र तत्काल तदारूकतापुर्वक प्रभावकारी राहत र पुर्नस्थापनाको कार्यलाई युद्धस्तरमा अगाडी बढाइनु पर्दछ । अन्यथा, पिडित जनताको राज्यप्रतिको आक्रोसले राज्यप्रतिको घृणाको अवस्था श्रृजना गर्न सक्दछ ।"

राजपा नेपाल चाहन्छ, सरकारलाई, बाढीपीडितलाई र सहयोगी हातहरूको बीचमा समन्वय होस् । सरकार, राजनीतिक दल, बाढीपीडित मधेशी जनता र दातृ निकायहरू यस आपदाको घडीमा एक अर्काको परिपुरक भएर काम गर्न सकुन् ।

अतः त्यसको लागी व्यापक सहकार्यको आवश्यकतालाई निम्नानुसार अगाडी बढाई वर्तमान समयमा यस प्राकृतिक विपदको सामना गर्न निम्नलिखित बुंदामा केन्द्रित भई उद्धार, राहत, बचाउ र पुर्नस्थापना कार्य संचालन गर्न राष्ट्रिय जनता पार्टी नेपाल सरकार संग जोडदार माग गर्दछ :

१. बाढी पीडितको उद्धार, बचाउ, राहत र क्षतिपुर्तिको लागी नेपाल सरकारबाट तत्काल न्यूनतम रू. छबिस अर्ब अबिलम्ब बिनियोजित गरीयोस् ।
२. बाढी पीडितहरूको पुर्ननिर्माणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, बिभिन्न देशका सरकारहरू एवं तिनका नेपाल स्थित कुटनीतिक नियोग, संयुक्त राष्ट्र संघ एवं त्यसका अवयवहरू समेतलाई नेपाल सरकार द्वारा उद्धार, बचाउ, राहत, क्षतिपुर्ति तथा पुर्ननिर्माणका लागि आर्थिक, प्राविधिक लगायतका सबै प्रकारको सहयोग, सहकार्यको लागी आग्रह र आह्वान गरीयोस् ।
३. नेपाल सरकार द्वारा उद्धार, बचाउ, राहत, क्षतिपुर्ति तथा पुर्ननिर्माणका लागि बिपद पछिको चरणमा एउटा दुरगामी, दिर्घकालीन कार्य गर्नको लागी राहत, पुर्व तैयारी, तैयारी र पुर्ननिर्माण चरणका गरी एउटा ठोस कार्यनीति, रणनीति र पुर्णचक्र तैयार गरी कार्यान्वयन गरियोस् ।
४. बाढी पीडितहरूको लागी बिपद् पुर्वको तैयारी, विपद्को जोखिम न्यूनिकरण, स्थानीय संरचना, स्थानीय क्षमता अभिबृद्धी इत्यादी समेतको चरण र क्रियाकलापलाई समावेस गरी उक्त कार्यक्रमका लागी एउटा दिर्घकालीन योजना बनाइयोस् ।
५. बाढी पीडितहरूको लागी उद्धार, बचाउ, राहत, क्षतिपुर्ति तथा पुर्ननिर्माणको कार्यलाई सबैभन्दा उच्च प्राथमिकतामा राखेर अझैं बढी सुसंगठीत, प्रभावकारी, यथासमय र सर्वसमावेशी बनाउन नेपाल सरकार द्वारा संयुक्त राष्ट्र संघ, बिश्व बैंक, एशियाली विकास बैंक, यूरोपियन युनियन, अमेरीकी सहयोग नियोग, भारत सरकार लगायतका द्विपक्षिय र बहुपक्षिय निकायहरूलाई प्रत्यक्ष आर्थिक, प्राविधिक लगायतका सबै प्रकारको सहयोग, सहकार्यको लागी आग्रह र आह्वान गरोस् ।
६. नेपाल सरकारबाट अबिलम्ब विपद पश्चातको आवश्यकताको सर्वेक्षण Post Disaster Needs Assessment (PDNA) अन्र्तराष्ट्रिय विकास सहयोगी नियोगहरू संगको सहकार्यमा सम्पन्न गर्न आवश्यक समन्वय गरीयोस् ।
७. विपद पश्चातको आवश्यकताको सर्वेक्षण Post Disaster Needs Assessment (PDNA) को रिपोर्टको आधारमा नेपाल सरकारबाट एउटा दाता सम्मेलन (Donors’ Conference) को आयोजना गरीयोस् ।
८. विपद पश्चातको आवश्यकताको सर्वेक्षण Post Disaster Needs Assessment (PDNA) को रिपोर्टको आधारमा नेपाल सरकारबाट शक्ति र अधिकार सम्पन्न एउटा **"बाढी प्रभावित क्षेत्र पुर्ननिर्माण प्राधिकरण"** को गठन गरीयोस् ।
९. ~~**"बाढी प्रभावित क्षेत्र पुर्ननिर्माण प्राधिकरण"** को कार्यको~~ समिक्षा, सल्लाह, सुझाव र ~~समन्वयको लागी सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा~~ एउटा उच्चस्तरिय सर्वदलिय संयन्त्रको गठन गरीयोस्, जसले समग्र पुर्ननिर्माणको कार्यलाई सघाउनेछ ।
१०. जारी एक द्वार नीति खारिज गरि राहत तथा उद्धारमा सहयोग गर्न इच्छुक सबैको लागि बचाउ, उद्धार र राहत वितरण गर्ने कार्यलाई खुल्ला गरियोस् र उक्त कार्यमा संलग्नहरूले जिल्ला स्तरिय दैवी प्रकोप वा बिपद् व्यवस्थापन समिति वा सम्बन्धित स्थानीय तहको वडा कार्यालयलाई जानकारी गराएर बचाउ, उद्धार र राहत वितरण गर्न, गराउन पाउने व्यवस्था गरियोस् ।

सरकारबाट यस विषयमा यथासिघ्र निर्णय र द्रुत कार्यान्वयनको अपेक्षा सहित,

.......................
(महन्थ ठाकुर)
संयोजक, अध्यक्ष मण्डल

**मिति : २०७४।०४।३२**

## संक्षिप्त समाचार

### प्रहरीद्वारा उद्धार तथा सहयोग

बाँके । नरैनापुर गाउँपालिका-५ तल्लो भगवानपुरस्थित पानीको बहाब बढेकोले नेपाल राष्ट्रिय प्राबि स्कुलको छतमा थुनिएका एकजनाको प्रहरीले सकुशल उद्धार गरेको छ । ती व्यक्तिको उद्धार गर्न २ जना प्रहरी जवान पौडी खेल्दै गएकोमा तत्काल राप्ती नदीको बाँधमा पानीको बहाव बढेपछि उनीहरू समेत सोही छतमा अड्किएका थिए । तत्पश्चात ईलाका प्रहरी कार्यालय भगवानपुरबाट प्रहरी निरीक्षकको नेतृत्वमा ४ प्रहरी र ६ जना स्थानीय गरी १० जना डुङगा चढी गएकोमा डुङगा पल्टन जाँदा सबै टोली पौडी खेली नजिकै रहेको पीपलको रूखमा चढेर बच्न सफल भएका थिए ।

### रौतहटमा बाढीका कारण अर्बौंको क्षति

रौतहट । जिल्लामा बाढीका कारण अर्बौंको क्षति भएको छ । बाढीले पसलहरू रहेको समानहरू र घरहरूको क्षति सहित लगभग ४ अर्बको क्षति भएको छ । यस्तै बाढीमा डुबेर १८ जनाको मृत्यु भएका छन् । बाढीका कारण रौतहटका ८० प्रतिशतभन्दा बढी भूभाग डुबानमा परेका छन् । रौतहटमा जुन किसिमले राहत वा उद्धार आउनुपर्ने त्यस्तो नभएको एक पीडितको गुनासो छ ।

### घर भत्किँदा रूपन्देहीमा एकको मृत्यु

रूपन्देही । लगातार परेको अविरल वर्षाका कारण रूपन्देहीको कोटइमाई गाउँपालिका-१ सिपुवामा एक कच्ची घर भत्किँदा एक जनाको मृत्यु भएको छ । जिल्लाको मर्चवार क्षेत्र अन्तर्गत पर्ने कोटहीमाई गाउँपालिका- १ सिपुवामा माटोको घर भत्किँदा १५ वर्षीय रोसन हरिजनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । लगातारको वर्षाका कारण रूपन्देही जिल्लाका केही क्षेत्र डुबानमा परेका छन् । जिल्लाको मर्चवार, लुम्बिनी, धकधई, भैरहवा, तिलोत्तमा नगरपालिकाका केही क्षेत्र डुबानमा परेका छन् ।

### डुबेर बालिकाको मृत्यु

कैलाली । टिकापुर नगरपालिका-९ खग्रौला बस्ने लथुराम चौधरीको ८ वर्षीया छोरी श्रृजना चौधरीको घर नजिकै रहेको कल्भर्टको पानीमा खेल्ने क्रममा शनिबार डुबेर मृत्यु भएको छ ।

### बाढीमा बगेर बेपत्ता

मोरङ । सुन्दरहरैचा नगरपालिका-४ बुढी खापस्थित लक्ष्मीनारायण मन्दिर परिसर भित्र कुटी बनाई बसेका ६२ वर्षीया साबित्रा थापामगर, संखुवासभा घर भएका ६३ वर्षीया लिला दाहाल र झापा झिलझिले घर भएका ८० वर्षीय गोबिन्द कार्की शनिबार बुढी खोलामा आएको बाढीले बगाई बेपत्ता भएका छन् ।

### बाढीले बगाउँदा दुईको मृत्यु

चितवन । अविरल वर्षापछि खोलामा आएको बाढीले बगाउँदा दुई जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक दीपक थापाका अनुसार इच्छाकामना गाउँपालिका-३ स्थित कोराक खोलाले बगाएर स्थानीयवासी २२ वर्षीय समनबहादुर प्रजाको मृत्यु भएको हो । शनिबार साँझ खोलाले बगाएर बेपत्ता भएका उनको शव आइतबार बिहान फेला परेको उनले बताए । त्यसैगरी राप्ती नगरपालिका- ८ स्थित पम्फाखोलाले बगाएर ल्याएको स्थानीयवासी अन्दाजी ४० वर्षीया महिलाको शव फेला परेको प्रहरीले जनाएको छ ।

### विदेशी मुद्रासहित पक्राउ

रूपन्देही । बुटवल उपमहानगरपालिका ९ स्थित बसपार्कबाट एपीएफ टोलीले विदेशी मुद्रासहित सुनसरी जिल्लाको बक्लौरी ३ घर बताउने करीव २२ वर्षिय अनिल खड्कालाई पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा कार्यालय रूपन्देहीबाट सशस्त्र प्रहरी नायव निरीक्षक दिपेन्द्र पौडेलको कमाण्डमा खटिएको मोवाइल गस्ती टोलीले जाँच गर्दा निज खड्काको साथमा विभिन्न देशका मुद्रा फेला परेपछि उनलाई पक्राउ गरिएको हो । उनलाई बरामद विदेशी मुद्रासहित आवश्यक कारवाहीको लागि साउन ३१ गते राजश्व अनुसन्धान विभाग हरिहरभवन ललितपुरमा बुझाइएको छ ।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

मोरङ । मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा गएराति मोरङको बेलबारीमा एक युवकको घटनास्थलमै मृत्यु भएको छ । मृत्यु हुनेमा बेलाबारी-९ का ३२ वर्षीय समिर कार्की रहेका छन् । बेलबारी-९ स्थित भित्री सडकखण्डमा को २० प ३८३० नं को मोटरसाइकल अनियन्त्रित भई सडक छेउको बिजुलीको पोलमा ठक्कर खान पुग्दा चालक कार्कीको मृत्यु भएको इलाका प्रहरी कार्यालयले जनाएको छ ।

### सप्तरीमा खोलाले बगाएर एकको मृत्यु

राजविराज । सप्तरी जिल्लामा खोलाले बगाउँदा एक जनाको मृत्यु भएको छ । डाक्नेश्वरी नगरपालिका-८ गम्हरिया प्रवाहाका फनुनी रामको खोला तर्ने क्रममा बगाएर मृत्यु भएको छ । रामको घर नजिकैको खोलाले बगाउँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । त्यसैगरी देउरी भरूवाबाट बेपत्ता डोमी यादव अझै फेला नपरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### बाढीले बगाउँदा महिलाको मृत्यु

उदयपुर । जिल्लाको हुर्मा खोला तर्ने क्रममा बगाउँदा रौतामाई गाउँपालिका-६ की ५६ वर्षीया कर्णमाया मग्रातीको सोमबार मृत्यु भएको छ । बाढी आएको सो खोला तर्ने क्रममा उनको नातिलाई पनि बगाएको तर उनको नाम, थर र वतन खुल्न सकेको छैन । बेपत्ताको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । आफन्तकहाँबाट घर फर्कँदै गर्दा अपराह्न १ बजे उनीहरूलाई खोलाले बगाएको थियो । मग्रातीको शव बगाइएको स्थानभन्दा केही तल भेटिएको थियो ।

मानवले मानवलाई शोषण गर्ने, अन्याय, अत्याचार गर्ने कार्य निन्दनीय कार्य हो । नागरिक अधिकारप्रति सजग र सचेत बनाऔं र सबैमा समान व्यवहार गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# भारतले मनायो ७१औं स्वतन्त्रता दिवस



*भारतको ७१औं स्वतन्त्रता दिवसको अवसरमा नयाँदिल्लीको लालकिल्लामा आयोजित समारोहमा सम्बोधन गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ।*

नयाँ दिल्ली (भारत) । भारतले ७१औं स्वतन्त्रता दिवस मनाएको छ । भारतको ७१ औँ स्वतन्त्रता दिवसको अवसरमा नयाँ दिल्लीको लाल किल्लामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सम्बोधन गरेका छन् । उनले 'गोली र गाली' बाट कश्मीरको समस्या समाधान नहुने बताएका छन् ।

उनले पृथकतावादीहरूले काश्मीरमा 'षड्यन्त्र रचिरहेको' बताए । प्रधानमन्त्रीले धर्मका नाममा हिंसा गराउने कतिपय समुदायलाई सम्बोधनमा कटाक्ष गरे । उनले भने, जातिवाद र साम्प्रदायिक हिंसा मच्चाइनु राष्ट्रको उत्थानमा समस्या हुने बताए ।

उनले मिलेर कश्मीरमा देखिएका समस्याको समाधान गर्नुपर्ने पनि बताए । तर आरोप वा हतियारको भरमा समस्या समाधान नहुने बताउँदै कश्मीरको समस्याको पहिचान गर्न सम्बद्ध सबैको इमान्दार प्रयास चाहिने उनको भनाई थियो । कश्मीरीहरूसँग मिलेर उक्त स्थानलाई 'पुन: स्वर्ग जस्तै बनाउनुपर्ने'मा प्रधानमन्त्रीले जोड दिए ।

मुसलमान समुदायको बसोबास रहेको काश्मीरमा भारत र पाकिस्तानबीच दशकौँदेखि कायम सीमा विवादको केन्द्रमा रहँदै आएको छ । पाकिस्तानले आफ्नो स्वतन्त्रता दिवस १४ अगस्तमा मनाउने गर्छ । पाकिस्तानले स्वतन्त्रता दिवस मनाएको भोलिपल्ट भारतले भव्य कार्यक्रमसहित आफ्नो स्वतन्त्रता दिवस मनाएको हो ।

मोदीले उत्तरी भारतमा अक्सिजनको अभावमा ज्यान गुमाएका ६० बालबालिकाको मृत्युको विषयमा बोल्दै देशलाई उनीहरूका परिवारको पीडामा एकताबद्ध हुन पनि अपील गरे । उनको सम्बोधनलाई भारतीय सञ्चारमाध्यमले प्रत्यक्ष प्रशारण गरेका थिए । सम्बोधनस्थलमा पनि ठूलो भीड स्वतन्त्रता दिवस मनाउन सहभागी बनेको थियो ।



*स्वतन्त्रता दिवसको अवसरमा झण्डोतोलन गर्दै प्रधानमन्त्री मोदी ।*

## पत्रपत्रिकाबाट...

### अरूण तेस्रो परियोजनाको शिलान्यास गर्न मोदी नेपाल आउने



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी

काठमाडौं । भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रोपटक नेपाल भ्रमणका लागि कोसिस भइरहेको बताएका छन् । भारतीय लगानीमा निर्माण हुन लागेको अरूण तेस्रो जलविद्युत् परियोजना शिलान्यासका अवसरमा धार्मिक क्षेत्रको भ्रमणका लागि मोदीको भ्रमण गराउने पहल भएको उनको भनाई छ । अरूण तेस्रो परियोजनाको संयुक्त शिलान्यास (नेपाल र भारतका) प्रधानमन्त्रीबाट गर्ने गरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका लागि प्रयास गरेका हौं । उहाँ आउनुभयो भने लुम्बिनी, जनकपुर, मुक्तिनाथ र पाथिभरा जानुहुनेछ यो नेपालको पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण सावित हुनेछ उपाध्यायले भने ।

### सम्बन्ध विश्वासतर्फ बढ्दैछ : स्वराज



काठमाडौं । भारतको ७०औं स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा भारतीय विदेशमन्त्री सुष्मा स्वराजले काठमाडौंस्थित भारतीय राजदूतनिवास (इन्डिया हाउस)मा विशेष कार्यक्रमको आयोजना गरेकी छिन् । कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवा विशेष अतिथिको रूपमा सहभागी हुनु भएको थियो । कार्यक्रममा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, मन्त्रीहरू, विभिन्न पार्टीका नेताहरू, उद्योगी, व्यापारी, पत्रकार गरी करिब ५ सय जनाको सहभागिता रहेको थियो । त्यस अवसरमा नेपाल र भारतको विकास साझेदारी र सम्बन्धका विषयमा चर्चा गरिएको छोटो वृत्तचित्र पनि देखाइएको थियो । यस वर्ष नेपाल र भारतले कुटनीतिक सम्बन्ध स्थापनाको ७०औं वर्ष पनि मनाउँदैछ । त्यस अवसरमा भारतीय विदेशमन्त्री स्वराजले नेपाल अविश्वासबाट विश्वासतर्फ अघि बढेको बताइन् । विदेशमन्त्री स्वराजले यसमा प्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख भूमिका रहेको स्पष्ट पारिन् । 'नेपाल अविश्वासबाट विश्वासतर्फ अघि बढेको छ, यसका लागि म प्रधानमन्त्री शेरबहादुर देउवाजी र पूर्वप्रधानमन्त्री दाहालजीलाई बधाई दिन चाहन्छु,' नेताद्वयको प्रशंसा गर्दै स्वराजले भनिन्, 'ठूलो पार्टीका सभापति देउवाजीले दाहालजीलाई विश्वास गरेर प्रधानमन्त्री बनाउनुभयो । उहाँले स्थानीय तहको चुनाव गराएर देउवाजीलाई सरकार हस्तान्तरण गरिदिनुभयो । देउवाजी र दाहालजीको यो विश्वासले नेपाल अघि बढेको छ', उनले भनिन् । स्वराजले दाहाल नेतृत्वमा सरकार गठनयता नेपाल-भारत सम्बन्धमा समेत विश्वास थपिएको संकेत गरेकी थिइन् ।

प्रधानमन्त्री देउवाले भारतको विकास र लोकतन्त्रबाट नेपालले प्रेरणा लिएका बताए । भारतको स्वतन्त्रता संग्राम नेपालको लोकतान्त्रिक आन्दोलनको प्रेरणा स्रोत भएको र अहिले भारतीय प्रधानमन्त्रीको विकासमन्त्र 'सबका साथ सबका विकास' पनि नेपालका लागि प्रेरणा स्रोत रहेको उनको भनाइ थियो । देउवाले नेपालमा समावेशी लोकतन्त्र संस्थागत भइरहेको र समाजका सबै सीमान्तकृत समूहलाई साथमा लिएर लोकतन्त्र थप मजबुत पार्ने पनि बताए ।

### चीनले १० करोड नगद सहयोग गर्ने

काठमाडौं । बाढीपहिरोका कारण भएको जनधनको क्षतिप्रति चीनले गहिरो दु:ख व्यक्त गर्दै आपत्कालीन सहायतास्वरूप दस करोड रूपैंयाँभन्दा बढी (१० लाख अमेरिकी डलर) नगद उपलब्ध गराउने घोषणा गरेको छ । नेपाल-चीन उपप्रधानमन्त्री स्तरीय वार्तामा वाङले उक्त घोषणा गरेका हुन् । उनले बाढीपहिरोमा परी ज्यान गुमाएहरूका परिवारप्रति समवेदना प्रकट गर्दै सरकारले राहत र उद्धारमा गरेको प्रयासको प्रशंसासमेत गरेका थिए । उनले आफू नेपाल आउनु दुई दिनअघि यस्तो प्राकृतिक प्रकोपको अवस्था सुन्दा आफू दु:खी भएको समेत बताए ।

### स्वतन्त्रता दिवसको अवसरमा शुभकामना

कपिलवस्तु । मित्रराष्ट्र भारतको ७१औँ स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा नेपाल-भारत मैत्री संघ, कपिलवस्तु जिल्ला शाखाले शुभकामना समारोह सम्पन्न गरेको छ । शनिबार समारोहतमा संघका जिल्ला अध्यक्ष अनिरूद्ध प्रसाद उपाध्यायको अध्यक्षता तथा कपिलवस्तु नगरपालिकाका उपमेयर लक्ष्मी कसौधनको प्रमुख आतिथ्यता र समाजसेवीहरू नारायण बहादुर सिंह, तेजकुमार बौद्धाचार्य एवं कैलाश नायक समेतको आतिथ्यतामा शुभकामना समारोह कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा अतिथिहरू गिरिजेश शरण चौधरी, कैलाश नायक र नारायण बहादुर सिंह लगायतले शुभकामना मन्तव्य दिएका थिए । जिल्ला उपाध्यक्ष बसन्त कुमारी सिंहको स्वागत मन्तव्यबाट सुरू भएको कार्यक्रममा जिल्ला सभापति अनिरूद्ध प्रसाद उपाध्यायले भारतका सम्पूर्ण जनताको उन्नति, प्रगति, सुख, समृद्धि एवं दीर्घायुको कामना गरेका थिए । कार्यक्रमको संचालन जिल्ला सहसचिव ओम प्रसाद मिश्रले गरेका थिए ।

## जिल्ला समाचार

### कैदीबन्दीको विजोग

जलेश्वर । बाढीको कारणले धनुषा र महोत्तरी जिल्लाका लागि रहेको एकमात्र जिल्ला कारागार जलेश्वरमा कैदीबन्दीको विजोग भएको छ । कारागार परिसरमा ५ फिट भन्दा बढी पानी पसेपछि विभिन्न मुद्दामा सजाय तथा पूर्पक्षका लागि रहेका कैदीबन्दीहरूको विजोग भएको जेलर शोभेन्द्र ठाकुरले जानकारी दिए । खाना पकाउन मात्रै होइन पानी खान र शौचालय गर्न समेत कैदीबन्दीहरूलाई समस्या भएको जेलर ठाकुरले जानकारी दिए । कारागार परिसरमै आइतबार पानीको उच्च वहाव रहेकोले कैदीहरू पानी भित्रै शौचालय गर्न बाध्य भएका छन् । हातेकल समेत पानीमा डुवेपछि पुरूष तथा महिला कैदीहरू समेत विगत तीन देखि देखि खाना तथा पानी विना नै वस्नु परिरहेको जेलर ठाकुरको कथन छ ।

### फोरम नेपालद्वारा पर्सामा राहत वितरण

वीरगन्ज । संघीय समाजवादी फोरमका मधेश प्रदेश कोषाध्यक्ष तथा मेयरका उम्मेदवार विजय सरावगीको विशेष पहलमा फोरम नेपाल पार्टीले जिल्लाको विभिन्न गाउँका बाढिपीडित परिवारलाई राहत वितरण गरेको छ । संघीय समाजवादी फोरम पर्साले आइतबारदेखि सुरू गरेको राहत वितरण कार्य सोमबार पनि जारी राख्दै जिल्लाका २ सय ५० बाढीपीडित परिवारलाइ राहत वितरण गरेको छ । शनिबारदेखि आएको बाढीको कारण घरवारविहीन भएका पीडित परिवारलाई तत्काल राहत पुर्‍याउने उद्देश्यले त्रिपाल, चिउरा, मिठा, चामल, आलु, भाडा बर्तन, लताकपडा लगायतको सामग्री वितरण गरिएको फोरमका पर्साका जिल्ला अध्यक्ष प्रदिप यादवले बताए । जिल्ला अध्यक्ष यादव र मधेश प्रदेश कोषाध्यक्ष तथा मेयरका उम्मेदवार सरावगीको नेतृत्वमा गाउँ गाउँमा पुगेको राहत वितरण टोलीले वीरगन्ज महानगपालीकाको मनियारी,जगरनाथपुर ,उदपुरघुर्मीका २ सय परिवारलाइ राहत वितरण गरेको छ ।

### बाढी पीडितका लागि राहत संकलन

दिनेश ठाकुर, नेपालगन्ज । बाढी पीडितहरूका लागि नेपालगन्जमा राहत संकलन सुरू गरिएको छ । रामलिला संचालक समिति र अवधी पत्रकार संघ नेपालको सयुक्त आयोजनामा सोमबारदेखि बाढी पीडितहरूका लागि राहत संकलन सुरू गरिएको हो । बाँकेमा राप्ती नदीले राप्ती आसपासका दुई दर्जन बढी गाउँ डुवान तथा मानवीय क्षति समेत पुर्‍याएको छ । बाढीका कारण बस्ने ठाउँ तथा खाना लाउन समेत समस्या परेको हुनाले यसलाई सहजताका लागि राहत संकलनमा जुटेको राम लिला संचालक समितिका उपाध्यक्ष सन्तोष कनोडियाले बताए । सोमवारबाट राहत संकलन सुरू गर्‍यो एक दिनमै १५ हजार संकलन भएको समितिका सदस्य रमेश चन्द प्रजापतिले बताए । दुख परेको बेला बाढिपिडितका लागि समितिले सहयोग गर्न समेत अपिल गरेको छ । सहयोग गर्न चाहने इच्छुक व्यक्तिले रमेश चन्द प्रजापतिको सम्पर्क नं. ९८५८०२९४११, प्रवन्धक भरत किशोर बैश्य ९८१९५८९३५२, अवधि पत्रकार संघका सचिव दिनेश ठाकुर ९८१६५९९१२२ मा सम्पर्क गर्न अनुरोध गरिएको छ ।

### राजपा वीरगंजद्वारा नगद र जिन्सी संकलन

वीरगंज । अविरल वर्षाको कारण तराई-मधेशमा अति नै प्रभावित भएको अवस्थामा बाढी पीडितको सहयोगका लागि राष्ट्रीय जनता पार्टी नेपाल वीरगंज महानगर कमिटीले सोमबार वीरगंजमा राहत संकलन गरेको छ । महानगर कमिटी अध्यक्ष ओमप्रकाश सरार्फको नेतृत्वमा वीरगंजको माइस्थान पार्कमा राहत संकलन शिविर स्थपना गरी राहत संकलन गरेको छ । सोमबार करिब ३२ हजार बराबरको नगद र जिन्सी संकलन गरिएको छ । बिपिसी कलेज प्रशासकीय अधिकृत संकल्प शाक्यले दस कार्टुन चाउचाउ, एक बोरा चिउरा, एबीसी ह्याण्डसले दुई बोरा चिउरा, राजपा केन्द्रिय सदस्य मुनि श्रीवास्तव नगद दुई हजार एवं अन्य ब्यक्तित्वहरूबाट नगद, चिउरा, चाउचाउ प्राप्त भएको जनाइएको छ ।

### बाढीले बगाएको गैडा र हरिण मृत अवस्थामा फेला

रबिन्द्र यादव, नवलपरासी, ३१ साउन । नारायणी नदीले बगाएको दुई गैंडामध्ये एउटा गैंडा नवलपरासीको त्रिवेणी व्यारेजस्थित नर्सही ठोकरमा सोमबार मृत अवस्थामा फेला परेको छ । नदीमा बग्दै आएका दुई गैंडामध्ये एउटा भागेर नजिकैको जंगल तर्फ गएको जिल्ला प्रहरी कार्यालयका उपरीक्षक मुकुन्दराज आचार्यले जानकारी दिए । शनिबार नवलपरासी क्षेत्र तर्फको राष्ट्रिय निकुञ्जबाट निस्केका दुई गैंडासँगै ६ वटा हरिण नारायणी नदीमा बगेका थिए । ती मध्ये ३ वटा हरिण शनिबार त्रिवेणी व्यारेजमा मृत अवस्थामा फेला परेका थिए । मृत तथा जीवित अवस्थामा रहेका सबै वन्यजन्तु करिब ३ कि.मि. को दरीमा रहेको त्रिवेणी व्यारेज आसपासमा फेला परेका छन् । मृत अवस्थामा फेला परेको गैडा २ वर्षको भाले गौडा रहेको जिल्ला वन अधिकृत बिजयराज सुवेदीले जानकारी दिए । मृत भेटिएको गैंडाको खाग र खुर निकालेर गाडिएको जिल्ला वन कार्यालयलका जिल्ला वन अधिकृत सबेदीले बताए ।

### बालिकाको बलात्कारपछि हत्या

धनुषा । एक १२ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरिएको छ । जनकपुर उपमहानगरपालिका मुसहर बस्तीका कृष्णदेव साहकी १२ वर्षीया छोरी विविकाकुमारी साहको बलात्कारपछि हत्या भएको हो । पीडित परिवारका अनुसार मंगलबार दिउँसो ४ बजेतिर घरमा कोही नभएको बेला धनुषाको बेला बस्ने ४० वर्षीय रामचन्द्र महतो नुनियाले बलात्कारपश्चात् हत्या गरेको आरोप लगाइएको छ । आरोपित रामचन्द्र विगत तीन वर्षदेखि आफ्नो परिवारसहित त्यही घरमा भाडामा बस्दै आएका थिए । घरमा विविकाकी आमा विमलादेवी साह र नौ वर्षकी बहिनी पुष्पा र दुई वर्षका एक भाइ छन् भने बुबा कृष्णदेवको मृत्यु भइसकेको छ । मंगलबार दिउँसो ४ बजे विविकाकी आमा किनमेल गर्न बजार गएको बेला उक्त घटना भएको बताइएको छ । प्रहरीले घटनाको प्रकृति मुचुल्कापश्चात् शव परीक्षणका लागि जनकपुर अञ्चल अस्पताल पठाए र रामचन्द्र र उनकी श्रीमती पवितालाई पक्राउ गरेको छ ।

### कृष्णनगर नगरपालिका महत्वपूर्ण बाटो ?

मो इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका नेपाल र भारतको सीमासँग जोडिएको कुरा सर्वविदितै छ । यो सीमामा बजारबाट निस्केका ढलको फोहोर र पानी मिसिएर सीमा क्षेत्रको बाटो अत्यन्तै फोहोर र दुर्गन्धले भरिएको छ । त्यसमा मानिसलाई विभिन्न रोग लाग्ने किटाणु कति लुकेर बसेका होलान् सहजै अनुमान गर्न सकिन्छ । दिनको पाँचौ हजार भन्दा बढि मानिसहरू हिड्ने यो मूलबाटको अवस्था यस्तो रूग्ण, जीर्ण र फोहोर, खाल्टखुल्टी र फोहोर पानी भरिएर रहने गरेकोले वास्तवमा यातायातका साधन चलाउन र मानिस हिडन पनि अत्यन्तै कठिन भइरहेको छ । दुई देशलाई जोड्ने यस्तो अन्तर्राष्ट्रिय महत्वको सडकको दुर्दशा सरकार र यससँग सम्बन्धित निकाय तिनका आधिकारिक व्यक्तिहरूले किन टुलुटुलु हेरेर बसिरहेका हुन् स्थानीयबासीहरूको गुनासो रहेको छ । बास्तवमा यो बाटो भएरै नेपालको भित्री मधेश र पहाडी जिल्लाका मानिसहरू हजारौको संख्यामा कृष्णनगर पार हुँदै भारतीय बजारमा माल सामान किन्न आउने जाने गर्दछन् ।

### घुसको रकमसहित सबइन्जिनियर सिंह पक्राउ

रौतहट । जिल्ला शिक्षा कार्यालय रौतहटका सबइन्जिनियर ललन कुमार सिंहलाई ३५ हजार घुसको रकमसहित अख्तियार दुरूपयोग अनुसन्धान कार्यालयको टोलीले सदरमुकाम गौरबाट पक्राउ गरेको छ । माध्यमिक विद्यालय माधोपुरको भवन निर्माणको तेस्रो निकासाका लागि घुस माग गरिरहेको गोप्य सूचनाको अधारमा आयोगको क्षेत्रीय कार्यालय हेटौंडाबाट आएको प्रहरी नायव उपरीक्षक महेन्द्र खडका नेतृत्वको टोली सिंहलाई गौरस्थित बीपी चौकमा रहेको चिया पसलवाट घुसको ३५ हजार रकमसहित पक्राउ गरेको हो । माधोपुरका पूर्वप्रधानाध्यापक राम उद्गार यादवसँग सबइन्जिनियर सिंहले घुस माग गरेका थिए । समाचार स्रोतका अनुसार सिंह जिल्ला शिक्षा कार्यालयमा रकम निकासा गराए वापतमा १० देखि २० प्रतिशतसम्म कमिशन लिने गरेको थियो ।


सरकारसँग न फुर्ती छ, न मनग्गे व्यवस्थापकीय दक्षता । तैपनि राहतमा एकद्धारे एकाधिकार लादेर पीडितहरूलाई भोक र रोगले मार्न खोज्या हो ? **खगेन्द्र संग्रौला**


बाढी पीडित तराईका जनताको राहत र उद्धारका लागि लागि सरकारले अहिलेसम्म अन्तराष्ट्रिय सहयोग नमाग्नुको कारण असोज २ गतेको चुनाव पनि हुन सक्दछ । यदि त्यसो हो भने यो अमानवीयताको पराकाष्ठा हो । राज्यले विदेशी पर्यवेक्षकहरु लाई पछिल्लो निर्वाचनमा पर्यवेक्षणका लागि अनुमति दिएको छैन । **सरिता गिरी**


बर्षामा हुने बाढि/पहिरो र सडक क्षतिको स्थायी समाधान खोजौं । २ हप्ते कार्यदल वा २ दिने रिसोर्टका गोष्ठि हैन, प्राज्ञिक र विज्ञ समुहबाट रिसर्च गराऔं । **सुर्यराज आचार्य**


सरकारले गैरसरकारी संस्था र नागरिकलाई एकद्वार प्रणालीबाट सहयोग गर्ने भन्ने नीति ठिक छ । तर, खाद्य गोदाममा सहयोग थुपार्न लगाएर होइन, भूकम्पका बेला झैं जिल्लामा जिल्ला प्रशासन कार्यालय मार्फत कसले कुन ठाउँमा सहयोग गर्ने भनी छुट्याउनु पर्छ । प्रभावित जिल्ला र गाउँमा गैर सरकारी संस्था र व्यक्ति सबैले सहयोग गर्न पाउनु पर्छ । **बबिता बस्नेत**


बाढी डुबानबाट उद्दार गरिएकाको ज्यान त तत्काललाई बच्ला : तर भत्केका बाँस र बर्षभरी खाने गाँस बगरमा परिणत भयो । भूकम्प पीडितको भन्दा निकै ठूलो कहर । **मात्रिका पौडेल**


मधेशमा बाढीले वितण्डा मच्चाइरहँदा त्यस क्षेत्रको हक अधिकारका लागि ठूलाठूला कुरा गर्ने मधेशी नेताहरु मौन, राजनीतिक अधिकारका नाममा स्वार्थ पूरा गर्ने अभियानमा लागेका नेता, जनताले पाएको बाढी पहिरोको पिडामा बेखबर जस्तै बन्नुले उनीहरुको असली रुप छर्लङ्ग भएको छ । **निमिष झा**


मधेश भनेको सिंहदरवारका शासकहरुको संरक्षित विर्ता हो, आफु पनि केही गरिँदैन अरुलाई पनि केही गर्न दिँदैन । न त विदेशी सहयोग मागे, नत आफूले तत्काल राहत रकम उपलब्ध गराए नत दाता सम्मेलन केही न केही । खाली चुनावका लागि तीन दलको छलफल शुरु । **दीपेन्द्र झा**


म आफैंले बाढी/पहिरो पीडितलाई सहयोग गर्न नपाउने, सरकारबाट सबैले सहयोग पाउँछन् भन्ने म विश्वास गर्दिन । ल्न्इर क्ष्ल्न्इ ले मनोमानी गरे सरकारले कारवाही गरोस् तर सहयोग गर्न नरोकोस् । **सुनिल रञ्जन सिंह**


कथित राष्ट्रवादीको तक्मा पाएका एक पार्टीका समर्थकहरुले विप्लवलाई कोशी ब्यारेजमा बम पड्काउन सल्लाह दिँदै छन् र त्यही पार्टी सम्बद्ध सञ्चारमाध्यमहरुले त्यो कुरालाई बढावा दिएर भाईरल गराउँदैछन् । भारतलाई आधार बनाएर आफ्नै मधेशका केही जिल्ला र त्यहाँ बासोवास गर्ने मधेशीहरुलाई समाप्त पार्ने हिसावले प्रतिक्रिया दिँदा केही फरक पर्दैन ? **विकास ठाकुर**


पहाडमा भूकम्प आउँदा मधेश जुरमुराएको थियो । अहिले तराई डुबानमा पर्दा पहाड जुरमुराएको छ । हामीलाई सधैं मानवताको डोरीले बाँधिराखोस् । **अजित बराल**

# स्वतन्त्रता दिवसमा भारतद्वारा ३० एम्बुलेन्स र ६ बस प्रदान



काठमाडौं । नेपालस्थित भारतीय राजदूतावसले विभिन्न कार्यक्रम गरेर मंगलबार भारतको स्वतन्त्रता दिवस मनाइएको छ । आज भारतले आफ्नो ७१ औं स्वतन्त्रता दिवस मनाउँदै छ । यही अवसरमा नेपालमा पनि कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा भारतीय राजदूत मञ्जिव सिंह पुरीले झण्डोत्तोलन गरेका थिए । त्यस अवसरमा राजदूत पुरीले भारतका राष्ट्रपतिले जारी गरेको शुभकामना सन्देश वाचन गरेका थिए । सन्देशमा भारतीय राष्ट्रपतिले विगत ७० वर्षमा भारतले गरेको प्रगतिको प्रशंसा गरेका थिए । त्यस्तै, कार्यक्रममा स्कूलका बालबालिकाले भारतीय राष्ट्रिय गान प्रस्तुत गरेका थिए ।

कार्यक्रममा कर्तव्य पालनाको क्रममा ज्यान गुमाएका गोर्खा सैनिकका परिवारलाई राहत रकम पनि प्रदान गरिएको थियो । राजदूत पुरीले गोर्खा सैनिकका १५ विधवालाई पाँच करोड ७३ लाख नेपाली रूपैया बराबरको चेक तथा कम्बल प्रदान गरे ।

यसैगरी सोही अवसरमा विभिन्न ६१ पुस्तकालय तथा शैक्षिक संस्थाहरूलाई पुस्तक पनि प्रदान गरियो ।

दिवसको अवसरमा ३० एम्बुलेन्स र ६ वटा बस पनि विभिन्न अस्पताल तथा संस्थाहरूलाई हस्तान्रण गरिएको थियो ।

## “सम्झौता र सहमति कार्यान्वयनमा केन्द्रित”


दीपकुमार उपाध्याय

काठमाडौं । भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले प्रधानमन्त्री शेरबहादुर देउवाको भदौ ७ देखि हुने भारत भ्रमणका क्रममा दुवै देशका प्रधानमन्त्रीबाट अरूण तेस्रो जलविद्युत् परियोजनाको संयुक्त शिलान्यासको टुंगो लगाउने गरी प्रस्ताव अघि बढ्ने बताएका छन् । भ्रमणका क्रममा भारतीय सरकारी कम्पनी सतलजले निर्माण गर्ने ९ सय मेगावाटको अरूण तेस्रो शिलान्यासका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउने मिति टुंगो लगाइनेछ । मोदी शिलान्यासका लागि नेपाल आउँदा उनलाई प्रमुख पर्यटकीय स्थलहरू लुम्बिनी, जनकपुर, मुक्तिनाथलगायतका ठाउँमा समेत भ्रमण गराउने गरी छलफल भइरहेको राजदूत उपाध्यायले बताए ।

‘विगतका सहमति र सम्झौता कार्यान्वयन हुने गरी ठोस सहमति हुन्छ । पञ्चेश्वर बहुउद्देश्यीय परियोजनालाई अन्तिम रूप दिने, माथिल्लो कर्णालीको काम तत्काल अघि बढाउने र अरूण तेस्रो आयोजनामा दुवै देशका प्रधानमन्त्रीबाट संयुक्त शिलान्यास जस्ता अडकिएका विषयमा टुंगो लाग्नेछन,’ उपाध्यायले भने ।

विगतका सम्झौता र सहमति कार्यान्वयनमा नै यो भ्रमण केन्द्रित हुने उनले बताए । अरूण तेस्रो अघि बढ्न नसकेको विषयमा कसको कमजोरी रहेको भन्ने स्पष्ट पार्दै काम अघि बढाउनेसमेत जनाइएको छ । सहमति नबन्दा महाकाली सन्धिको २२ वर्ष बितेको भन्दै राजदूत उपाध्यायले यसमा ढिलाइ गर्न नहुने बताए । भारत र बंगलादेशबीच सीमा नदीका विषयमा भएजस्तो माथिल्लो र तल्लो तटीय सहकार्यको मोडालिटी नेपालमा लागू गरेर समस्या समाधान गरिँदै अघि बढ्नेसमेत उनले स्पष्ट पारे ।

## पासवान र चौधरीलाई पुरस्कार




काठमाडौं । सप्तरी जिल्लाबाट प्रकाशित हुने कञ्चनरूप साप्ताहिकका सम्पादक भोला पासवान र महोत्तरी जिल्लाबाट प्रकाशित हुने भूमि साप्ताहिकका राकेशप्रसाद चौधरी पुरस्कृत हुने भएका छन् । उनीहरूलाई नेपाल पत्रकार महासंघ र शिक्षा विभागद्वारा गठित मूल्याङ्कन तथा छनौट समितिले गरेको सिफारिसका आधारमा प्रदेश नम्बर-२ बाट ‘शिक्षा लेखनवृत्ति-२०७३’ पुरस्कार दिइनेछ । शिक्षा पत्रकारिता पुरस्कार छनौट मूल समितिको बैठकले मंगलबार सो निर्णय गरेको हो । बैठकले ७ प्रदेश र उपत्यकालाई १ प्रदेश मानी ८ प्रदेश अन्तर्गत प्रत्येक प्रदेशबाट २ जना पत्रकारलाई प्रदान गरिने रू. २० हजार राशीको ‘शिक्षा लेखनवृत्ति-२०७३’ क्रमशः प्रदेश नम्बर १ बाट विद्या राई (कान्तिपुर दैनिक-भोजपुर), अवतार राई (चोमोलुङमा रेडियो-भोजपुर) र दमन राई (नागरिक दैनिक-खोटाङ) लाई संयुक्तरूपमा प्रदान गर्ने भएको छ । प्रदेश नम्बर २ बाट भोला पासवान (कन्चनरूप साप्ताहिक-सप्तरी) र राकेशप्रसाद चौधरी (भूमि साप्ताहिक महोत्तरी)लाई दिने निर्णय गरेको हो । बैठकले रू. ७५ हजार राशीको ‘राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार-२०७३’ यस पटक कान्तिपुर दैनिकका माधव अर्याल (पाल्पा) र अन्नपूर्ण पोष्ट दैनिकका सुरेन्द्र काफ्ले (बाँके) लाई संयुक्त रूपमा प्रदान गर्ने निर्णय गरेको हो । महासंघ र शिक्षा विभागले शिक्षा क्षेत्रको विकासका लागि समाचार, सूचना र विचार प्रवाह गर्ने पत्रकार, एफएम रेडियो, पत्रपत्रिका र टेलिभिजनलाई प्रतिष्पर्धाका आधारमा प्रत्येक वर्ष यी पुरस्कार प्रदान गर्दै आएको छ । उक्त पुरस्कारहरू एक कार्यक्रमका बीच चाँडै वितरण गरिने महासचिव उजिर मगरद्धारा जारी विज्ञप्तिमा उल्लेख छ ।


राष्ट्रिय जनता पार्टी नेपाल पर्साकी नेतृ रम्भा मिश्रालगायतले सडक संजाल टुटेको र अति प्रभावित पर्सा जिल्ला क्षेत्र नं. ५ जगरनाथपुर गाउँपालिका हरपुरमा राहत सामग्री वितरण गर्दै । सो गाउँपालिकामा नेतृत्व मिश्रा नेतृत्वको राहत टोली सबभन्दा पहिला पुगेको छ ।

## राजपाका सांसदहरूले एक महिनाको तल बाढीपीडितलाई दिने

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका सांसदहरूले बाढीपीडितलाई एक महिनाको तलब दिने घोषणा गरेको छ । सोमबार राजपा नेपालको अध्यक्षमण्डल र संसदीय दलको संयुक्त बैठकले यस्तो निर्णय गरेको हो । पार्टीका अध्यक्षमण्डलसहितका नेता कार्यकर्ताहरूको तर्फबाट सबै प्रकारको नगदी र जिन्सी सहयोगका लागि पार्टी सम्बद्ध सबैलाई बैठकले आह्वान गरेको हो । साथै उक्त कार्यलाई अगाडि बढाउन देशभरिका सबै उद्योगपति, व्यवसायी, स्वदेशी तथा विदेशी संघसंस्था, नियोग र दाता एवं दातृ निकायलाई नगदी र जिन्सी सहयोग गर्न बैठकले आग्रह गरेको जारी विज्ञप्तिमा उल्लेख छ । बाढी पहिरोबाट पीडित मृतकका परिवार, घाइते र धनमाल गुमाएकाहरूको युद्धस्तरमा बचाउ र उद्धार गरी राहत प्रदान गर्न आग्रह गरेको हो ।

## आर्थिक समाचार

### एनसेल ग्राहकद्वारा डेढ करोडभन्दा बढी निःशुल्क एसएमएस आदानप्रदान

काठमाडौं । बाढीपहिरो प्रभावित क्षेत्रमा आफ्ना ग्राहकको संचार सुनिश्चित गर्न एनसेलले मंगलबारसम्म प्रदान गरेको निःशुल्क एसएमएस सेवा अन्तर्गत ग्राहकले १ करोड ६६ लाख भन्दा बढि एसएमएस आदानप्रदान गरेका छन् । कम्पनीले विपतको बेलामा आफ्ना ग्राहकलाई आफ्ना प्रियजनसँग सम्पर्कमा रहन र उद्धार तथा राहत कार्यमा सहयोग गर्नका लागि आइतबारबाट तीन दिनसम्म प्रति दिन प्रति ग्राहक ५० वटा निःशुल्क एसएमएस उपलब्ध गराएको थियो । नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले दिएको निर्देशनअनुसार एनसेलले बाढीपहिरो प्रभावित २३ जिल्लाका ग्राहकलाई निःशुल्क एसएमएस सेवा प्रदान गरेको हो ।

यस बाहेक भ्वाइस तथा डेटा सेवालाई सहज बनाउन एनसेलले ब्यालेन्स ट्रान्सफर सेवा पनि निःशुल्क बनाएको थियो । साथै एनसेल सापटी सेवा अन्तर्गत प्राप्त हुने सापटी रकमलाई वृद्धि गरि विद्यमान सेवा शुल्कमै रू ६० सापटी प्रदान गरिएको थियो । यसैगरी कम्पनीले प्रभावित क्षेत्रका ग्राहकलाई लक्षित गरी आफ्ना प्रियजनसँग सम्पर्क गर्न सघाउनका लागि निःशुल्क आपतकालिन सम्पर्क नम्बर ९००८ पनि संचालनमा ल्याएको थियो ।

“बाढीपहिरो प्रभावित क्षेत्रलाई लक्षित गरी प्रत्येक दिन प्रदान गरिएको निःशुल्क एसएमएस सेवा, थप सापटीको सुविधा, निःशुल्क ब्यालेन्स ट्रान्सफर सुविधा र आपतकालिन सम्पर्क नम्बरले यो विपदको क्षणमा आफ्ना प्रियजनसँग सम्पर्कमा रहन र राहत तथा उद्धार कार्यमा सहज बनाएको प्रतिक्रिया पाएका छौं,” एनसेलका कर्पोरेट सर्भिसेस् निर्देशक प्रणय आचार्यले भने ।

प्रभावित क्षेत्रमा पानीको सतह घट्दै गर्दा कम्पनीले थप टावरहरू संचालनमा ल्याएको जानकारी पनि उनले दिए । “केहि स्थानमा विद्युत आपूर्ती नरहेको र डिजेल जेनेरेटर संचालन गर्दा जोखिम हुने देखिएको थियो । अहिले एनसेलका ९७ प्रतिशत बिटिएस टावर संचालनमा रहेका छन् र ग्राहकलाई सेवा प्रदान गरिरहेका छन्,” आचार्यले भने । प्राकृतिक विपद्का बेला आफ्ना ग्राहकलाई सम्पर्कमा रहन विभिन्न सेवा सुविधा प्रदान गर्दै आएको एनसेलले जल तथा मौसम विज्ञान विभागसँग सहकार्य गर्दै बाढीको जोखिम रहेका क्षेत्रमा आफ्ना ग्राहकलाई बाढी सम्बन्धि पूर्वसूचना अर्थात एसएमएस अलर्ट पनि प्रदान गर्दै आएको छ । यस अन्तर्गत कम्पनीले विगत एक सातामा (साउन २४ देखि साउन ३० सम्म) ६० लाख भन्दा बढि पूर्वसूचना पठाएको थियो । नदीमा पानीको सहत अनुसार जल तथा मौसम विज्ञान विभागले प्रदान गरेको एसएमएस कन्टेन्ट एनसेलले बाढिपहिरोको जोखिमयुक्त क्षेत्रका ग्राहकहरूलाई एसएमएस सम्प्रेषण गरेको हो । बाढी तथा पहिरोबाट हुने क्षति न्युनिकरण गर्न विभागले एनसेललाई नदीमा पानीको बहाब र जलसहतको अवस्था अनुसार एसएमएस पठाउन जानकारी दिने गर्दछ ।

समझदारीपत्र अनुसार, एनसेलले वर्षा र नदीमा जल सहतको आधारमा बाढीपहिरोको जोखिमका बारेमा पश्चिम राप्ती, नारायणी, कन्काई, कोशी, बागमती, कर्णाली, बबई, कमला लगायत नदीका तल्लो तटिय क्षेत्रमा बसोवास गरिरहेका परिवारलाई एसएमएस मार्फत पूर्वानुमान तथा पूर्वसूचना पठाउँदछ । एनसेलले गतवर्ष जल तथा मौसम विभागसँग पूर्वसूचना प्रदान गर्नका निमित्त समझदारी पत्रमा हस्ताक्षर गरेको थियो । सोही अनुरूप एनसेलले बाढी र पहिरोको उच्च जोखिम रहेका स्थानमा बस्ने परिवारलाई सम्भावित बाढी पहिरोको पूर्व चेतावनीका लागि एसएमएस प्रदान गर्दै आएको छ ।

### वाईवाईलाई भारतको मार्की अवार्ड

काठमाडौं । वाइवाइ चाउचाउले भारतको ख्यातिप्राप्त ‘मार्की अवार्ड-२०१७’ प्राप्त गरेको छ । मुम्बई मादी एड्भरटाइजिङ क्लबद्धारा आयोजित विशेष समारोहमा भारतीय बस्त्र सूचना एवं प्रसारणमन्त्री स्मृति इरानीले सो अवार्ड सिजी कर्प ग्लोबलका कार्यकारी निर्देशक वरूण चौधरीलाई प्रदान गरिन् । मन्त्री इरानीले वाइवाइले भारतका अन्य चर्चित ब्राण्डसँगको प्रतिस्पर्धामा आफुलाई अब्बल सावित गरेको भन्दै बधाई दिइन् । भारतीय चाउचाउ बजारमा २७ प्रतिशत हिस्सा ओगटेको वाइवाइ त्यहाँको दोस्रो ब्रान्डका रूपमा रहेको बताइएको छ ।

## बाढीपीडितका लागि प्रार्थना


पूर्वराजा ज्ञानेन्द्र शाह

काठमाडौं । निरन्तरको वर्षासँगै मधेशमा आएको बाढीमा परी लगभग ७० जनाको मृत्यु हुनुका साथै सयौं घाईते भएका छन् । हजारौं परिवार विस्थापित भइसकेको अवस्थामा पूर्वराजा ज्ञानेन्द्र शाहले मधेशमा आएको बाढीबाट धनजनको क्षति भइरहेकोमा दुःख व्यक्त गरेका छन् । साथै उनले बाढीपीडितहरूमा विपत्तिको सामना गर्ने क्षमताका निमित्त लागि ईश्वरसँग प्रार्थनासमेत गरेका छन् । पूर्वराजाका तर्फबाट सोमबार जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ -‘पूर्व श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर बिक्रम शाहदेवबाट विगत केही दिनदेखि परेको अविरल वर्षाले देशको तराई लगायत विभिन्न भू-भागमा आएको बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपले ठूलो धनजनको क्षति पु-याएकोमा गम्भीर चिन्ता एव दुःख व्यक्त गरिबक्सेको छ ।’




मिथिला दर्शन टी.भी.
कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं